# सुदूरपश्चिम प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्ध-वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८२/८३)




सुदूरपश्चिम प्रदेश

**नेपाल राष्ट्र बैंक**
**धनगढी कार्यालय**
२०८३ जेठ

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ । अर्थतन्त्रको वास्तविक क्षेत्रको अवस्था तथा समस्या पहिचान गरी तथ्यमा आधारित नीति निर्माणका लागि बैंकले नियमित रुपमा अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन तथा विश्लेषण गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेल्धुरा, अछाम र बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ । सर्वेक्षण तथा अन्तरक्रियाका क्रममा प्राप्त जानकारीका साथै कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय, मन्त्रालय एवम् सम्बन्धित परियोजना/उद्योग/प्रतिष्ठानबाट प्राप्त तथ्याङ्क प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०८२/८३ को सुदूरपश्चिम प्रदेशको अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्ला स्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु, मन्त्रालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान, सरोकारवाला निकाय तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी, यो प्रतिवेदन तयार गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनु हुने नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका उप-निर्देशक श्री मेघनाथ तिमल्सिना, सहायक निर्देशक श्री नरेन्द्र बहादुर चन्द, श्री भोज राज भट्ट र श्री भोला रावल र प्रधान सहायक श्री सहदेव भट्टराईलाई धन्यवाद ज्ञापन गर्दछु ।

**केशब बहादुर के.सी.**
**निर्देशक**

# विषय-सूची

| | पेज नं. |
|---|---|
| **कार्यकारी सारांश** | |
| **परिच्छेद १: अध्ययन परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| १.३ अध्ययन प्रतिवेदनको सीमा | २ |
| १.४ अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** | **३** |
| २.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| २.२ अन्तर प्रदेश तुलना | ४ |
| २.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना | ५ |
| **परिच्छेद ३: कृषि क्षेत्र** | **७** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| ३.२ कृषि उत्पादन | ९ |
| ३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ११ |
| ३.४ सिँचाई | १३ |
| ३.५ क्षेत्रगत कृषि कर्जा | १४ |
| ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु | १४ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | **१७** |
| ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १७ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १९ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | **२०** |
| ५.१ पर्यटन | २० |
| ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट | २० |
| ५.३ वित्तीय सेवा | २० |
| ५.४ फण्ड ट्रान्सफर (तोडा चलान) | २२ |
| ५.५ यातायात | २२ |
| ५.६ सेवा क्षेत्र कर्जा | २३ |
| ५.७ सहकारी | २४ |
| ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना | २५ |
| **परिच्छेद ६: पूर्वाधार र रोजगारी** | **२६** |
| ६.१ प्रदेशका ठुला परियोजनाहरुको स्थिति | २६ |
| ६.२ ऊर्जामा पहुँच | २७ |
| ६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति | २७ |
| ६.४ रोजगारी | २८ |
| ६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना | ३० |
| **परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना** | **३१** |

७.१ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति ३१
७.२ स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ३२
**परिच्छेद ८: आर्थिक परिदृष्य ३४**
८.१ कृषि क्षेत्र ३४
८.२ औद्योगिक क्षेत्र ३४
८.३ सेवा क्षेत्र ३४
८.४ पूर्वाधार क्षेत्र ३४

# चार्टको सूची


| | |
|---|---|
| चार्ट २.१ : बृहत आर्थिक क्षेत्र अनुसार योगदान (प्रतिशत) | ३ |
| चार्ट ३.१ : प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल (हेक्टरमा) | ७ |
| चार्ट ३.२ : प्रमुख कृषि बालीहरूको उत्पादन (हजार मे.टनमा) | ९ |
| चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा) | १३ |
| चार्ट ३.४ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा) | १४ |
| चार्ट ४.१ : प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग २०८२/८३ (साउन-पुस) | १७ |
| चार्ट ४.२ : औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा) | १८ |
| चार्ट ५.१ : निक्षेप तथा कर्जाको अवस्था (रु. अर्बमा) | २१ |
| चार्ट ६.१ : आ.व. २०८१/८२ का लागि सूचीकृत बेरोजगारको प्रदेशगत विवरण | २९ |
| चार्ट ७.१ : कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था (रु.अर्बमा) | ३१ |
| चार्ट ७.२ : आ.व. २०८२/८३ मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा) | ३३ |

# तालिकाको सूची


तालिका २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)(आ.व.२०८२/८३) ४

तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (२०८२ साउन-पुस मसान्त) ८

तालिका ३.२ : प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन (२०८२ साउन-पुस) १०

तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन २०८२/८३ (साउन-पुस) १२

तालिका ३.४ : प्रमुख वनजन्य उत्पादन २०८२/८३ (साउन-पुस) १३

तालिका ४.१ : २०८२ पुस मसान्तसम्म जिल्लागत औद्योगिक कर्जा प्रवाह १८

तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाका शाखा संख्या (२०८२ पुस मसान्तसम्म) २१

तालिका ५.२ : जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (२०८२ पुस मसान्तसम्म) २२

तालिका ५.३ : समीक्षा अवधिमा थप भएका यातायात साधनको संख्या २३

तालिका ५.४ : हवाई सेवा २३

तालिका ५.५: सेवा क्षेत्रमा कर्जा प्रवाहको अवस्था (२०८२ पुस मसान्तसम्म) २४

तालिका ५.६ : नमुना छनौट गरीएका सहकारीहरुको वित्तीय स्थिति २४

तालिका ६.१: प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण २८

तालिका ६.२ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था २९

तालिका ७.१: सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण ३१

तालिका ७.२ : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा) ३२

तालिका ७.३ : आ.व.२०८२/८३ (साउन-पुस) मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा) ३३

# कार्यकारी सारांश

सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ वटै जिल्लाहरुको स्थलगत तथा गैर-स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरूबाट प्राप्त विवरणको आधारमा आर्थिक वर्ष २०८२/८३ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## समष्टिगत स्थिति:

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय अर्थतन्त्रको आकार ३.८५ प्रतिशतले वृद्धि भई रु. ६६ खर्ब कायम हुने प्रारम्भिक अनुमान गरेको छ। उक्त कार्यालयले चालु आर्थिक वर्षमा आधारभूत मूल्यमा प्राथमिक क्षेत्रको वृद्धिदर १.६३ प्रतिशत, द्वितीय क्षेत्रको वृद्धिदर ५.७७ प्रतिशत र तृतीय क्षेत्रको वृद्धिदर ४.२१ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

२. आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.२८ प्रतिशत र आधारभूत मूल्यमा ३.११ प्रतिशत रहने अनुमान गरिएको छ।

३. आर्थिक वर्षमा २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३३.६५ प्रतिशत, १३.६९ प्रतिशत र ५२.६६ प्रतिशत रहने अनुमान छ।

## कृषि

४. समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र २.३८ प्रतिशतले ह्रास आएको छ भने यस्ता बालीको उत्पादन ४.९४ प्रतिशतले घटेको छ।

५. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन २.०१ प्रतिशत, तरकारी तथा बागवानीको उत्पादनमा २२.४३ प्रतिशतले ह्रास आएको छ भने फलफूलको उत्पादनमा ९.९५ प्रतिशतले वृद्धि भएको छ।

६. पशुजन्य उत्पादन अर्न्तगत दूध उत्पादन २५.११ प्रतिशत, ऊन उत्पादन १०.३४ प्रतिशत र छाला उत्पादन ३.७८ प्रतिशतले वृद्धि भएको छ भने मासुजन्य उत्पादन ०.१७ प्रतिशत र अण्डा उत्पादन २.१० प्रतिशतले घटेको छ।

७. समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ, औषधीजन्य वस्तु र अन्य उत्पादन क्रमशः १०५.८७ प्रतिशत, २.४० प्रतिशत र ३४.०४ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादनमा भने १४.१५ प्रतिशतले कमी आएको छ।

८. समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल ५.४० प्रतिशतले वृद्धि भएको छ भने प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफलको ३१ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ।

९. समीक्षा अवधिमा यस प्रदेशमा प्रवाहित कुल कर्जाको ९.७१ प्रतिशत कर्जा कृषि क्षेत्रतर्फ प्रवाह भएको छ। सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा २.०२ प्रतिशतले ह्रास भई रु. १५ अर्ब ६४ करोड ११ लाख १० हजार पुगेको छ।

## उद्योग

१०. समीक्षा अवधिमा प्रदेशका अध्ययन नमुनामा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ३०.८२ प्रतिशत रहेको छ।

११. औद्योगिक उत्पादनमध्ये समीक्षा अवधिमा तोरीको तेल, रोजिन, चामल र साबुनको उत्पादनमा वृद्धि भएको छ भने अन्य सबै उद्योगहरुको उत्पादनमा कमी आएको छ।

१२. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १७.१६ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाहित भएको छ। औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा ३.४१ प्रतिशतले घट्न गई रु.२७ अर्ब ६३ करोड ३५ लाख ५० हजार पुगेको छ।

## सेवा

१३. समीक्षा अवधिमा पर्यटकस्तरीय १० नमुना होटलहरुको तथ्याङ्क अनुसार पर्यटकको आवागमनमा गत वर्षको सोही अवधिको तुलनामा ४९.०७ प्रतिशतले वृद्धि भएको देखिन्छ।

१४. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ९.५३ प्रतिशतले बढेको छ भने रजिष्ट्रेशन राजस्व २.६० प्रतिशतले बढेको छ ।

१५. यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको निक्षेप २०८२ असार मसान्तको तुलनामा ४.४२ प्रतिशतले बढेको छ भने कर्जा प्रवाह २.२९ प्रतिशतले वृद्धि भएको छ ।

१६. समीक्षा अवधिमा यस प्रदेशमा कुल १२ हजार ४ सय ५५ यातायातका साधन दर्ता भएका छन् ।

१७. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले कुल कर्जाको ७३.१२ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाहित गरेका छन् ।

## पूर्वाधार र रोजगारी

१८. समीक्षा अवधिमा यस प्रदेशबाट २३ हजार ९ सय १९ जना पुरुष तथा २ हजार ४ सय २४ जना महिला गरी जम्मा २६ हजार ३ सय ४३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् ।

१९. समीक्षा अवधिसम्म रानी जमरा कुलरिया सिँचाइ आयोजनाको भौतिक प्रगति ७४.८५ प्रतिशत र वित्तीय प्रगति ७१.४७ प्रतिशत रहेको छ । महाकाली सिँचाई आयोजनाको भौतिक प्रगति ४० प्रतिशत र वित्तीय प्रगति ३५ प्रतिशत रहेको छ । त्यसैगरी, महाकाली पुल आयोजनाको भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति ९२.५ प्रतिशत रहेको छ ।

## प्रादेशिक कार्यक्रम र योजना

२०. सुदूरपश्चिम प्रदेश सरकारको चालु खर्चतर्फ विनियोजन भएको बजेटमध्ये समीक्षा अवधिमा २५.९५ प्रतिशत खर्च भएको छ भने पुँजीगत खर्चतर्फ विनियोजन भएको बजेट मध्ये ५.०४ प्रतिशत खर्च भएको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ। प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८२/८३ को अर्ध-वार्षिक (२०८२ साउनदेखि २०८२ पुस मसान्तसम्म) तथ्याङ्कमा आधारित रहेको छ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक अध्ययन प्रतिवेदन तयार पार्ने गरिएकोमा "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" जारी भएपश्चात् प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको छ। विगत केही वर्षदेखि यस्तो प्रतिवेदन प्रदेशगत रुपमा तयार गर्ने गरिएको छ। सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, बझाङ, बाजुरा, अछाम, डोटी र कैलाली गरी जम्मा ९ जिल्लाहरु समेटेर प्रतिवेदन तयार गर्ने गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ। साथै, सुदूरपश्चिम प्रदेशको डोटी जिल्लामा कालिका मासु उत्पादन तथा प्रशोधन उद्योग सञ्चालनमा आएको सम्बन्धमा अध्ययन गरी यस पटकको प्रतिवेदनमा संलग्न गरिएको छ।

नेपाल राष्ट्र बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैर-स्थलगत माध्यमबाट प्राप्त तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यो अध्ययन प्रतिवेदन तयार पारिएको छ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा र अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र र कृषि विकास निर्देशनालयबाट, पशुपंक्षी सम्बन्धी तथ्याङ्क भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट, सिँचाई सम्बन्धी तथ्याङ्क जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ। उल्लिखित विभिन्न निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १२ वटा उद्योगहरुको स्थलगत तथा गैर-स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ। बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या आदि तथ्याङ्क यस बैंकको आर्थिक अनुसन्धान विभाग मार्फत् लिइएको छ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० वटा होटलहरुबाट स्थलगत तथा गैर-स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घर/भवन स्थायी नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, घर जग्गा रजिष्ट्रेशन/राजस्व सम्बन्धी तथ्याङ्क मालपोत कार्यालय, सडक सञ्जाल सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरु, सडक डिभिजन कार्यालय तथा पूर्वाधार विकास कार्यालयहरुबाट लिइएको छ। यातायाततर्फ, सवारीसाधन संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ।

सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका ९ वटा जिल्लाहरुबाट १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ । यसका साथै यस प्रदेशमा रहेका ५ वटा ठुला नगरपालिकाहरुको वार्षिक आय/व्यय (बजेट) को कार्यान्वयनको स्थिति समेत प्रस्तुत गरिएको छ ।

पूर्वाधार क्षेत्र अर्न्तगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित योजना कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा जिल्लास्थित पूर्वाधार कार्यालयहरुबाट लिइएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेबसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । तथ्याङ्कको विश्लेषणको लागि व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने संक्षिप्त रुपमा अर्ध-वार्षिक अवधिमा भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देश प्रादेशिक संरचनामा गईसकेपश्चात् तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएको तथा तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य हालसम्म पनि जारी रहेकोले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । यसका साथै, तथ्याङ्कमा नियमित अद्यावधिकता तथा समयमा प्राप्त नहुने समस्या पनि विद्यमान नै रहेको छ ।

सेवा क्षेत्र अर्न्तगत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका होटल तथा लजहरुबाट पर्यटक सम्बन्धी उपलब्ध सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या तथा औसत बसाई) विवरणलाई नै आधिकारिक मानी विश्लेषण गर्ने गरिएको छ ।

विविध कारणले प्रदेशका ९ वटै जिल्लाहरुको स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्न नसकिएको र गैर-स्थलगत माध्यमबाट समेत तथ्याङ्क संकलन गरिएकोले उक्त क्षेत्रहरुको यथार्थ वस्तुस्थिति बुझ्न सकिएको छैन ।

तथ्याङ्क प्रदायक निकायहरुबाट समयमै तथ्याङ्क प्राप्त नहुने तथा प्राप्त तथ्याङ्कमा समेत एकरुपता हुन नसकेकोले प्रतिवेदन लेखन पूर्व निर्धारित समयमा सम्पन्न हुन सकेको छैन ।


## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम निर्देशित ढाँचामा तयार गरिएको छ । यस प्रतिवेदनमा जम्मा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै प्रतिवेदन तर्जुमाको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा सुदूरपश्चिम प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय अर्थतन्त्रको आकार ३.८५ प्रतिशतले वृद्धि भई रु. ६६ खर्ब कायम हुने प्रारम्भिक अनुमान गरेको छ । अघिल्लो वर्षको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत हुने संशोधित अनुमान रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा अर्थतन्त्रका तीन वृहत औद्योगिक क्षेत्रहरु: प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर आधारभूत मूल्यमा क्रमश: १.६३ प्रतिशत, ५.७७ प्रतिशत र ४.२१ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। संशोधित विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर आधारभूत मूल्यमा क्रमश: ३.०१ प्रतिशत, ३.४० प्रतिशत र ४.३६ प्रतिशत रहने अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदानको हिस्सा क्रमश: २४.९५ प्रतिशत, १३.२५ प्रतिशत र ६१.८० प्रतिशत हुने संशोधित अनुमान रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको २४.४६ प्रतिशत, द्वितीय क्षेत्रको १३.७३ प्रतिशत र तृतीय क्षेत्रको ६१.८१ प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान गरिएको छ ।

**चार्ट २.१ : बृहत आर्थिक क्षेत्र अनुसार योगदान (प्रतिशत)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

मुख्य औद्योगिक वर्गीकरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि, वन र मत्स्य) को योगदान २४.०३ प्रतिशत र गैर-कृषि क्षेत्रको योगदान ७५.९७ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । साथै, कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि १.५८ प्रतिशत र गैर-कृषि क्षेत्रको ४.५४ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । औद्योगिक वर्गीकरण अनुसार समग्र अर्थतन्त्रको आकारमा क्षेत्रगत हिस्साको मापन गर्दा कृषि, वन तथा मत्स्यपालनको योगदान सबैभन्दा बढी रहेको छ भने थोक तथा खुद्रा व्यापार दोस्रोमा, शिक्षा तेस्रोमा र घरजग्गा कारोवार चौथो स्थानमा रहेका छन् ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ४ खर्ब ६४ अर्ब हुने अनुमान गरिएको छ भने आर्थिक वर्ष २०८१/८२ मा करिब ४ खर्ब ४१ अर्ब रहने संशोधित अनुमान गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.२१ प्रतिशत रहने संशोधित अनुमान रहेको छ भने आर्थिक वर्ष २०८२/८३ मा यस्तो वृद्धिदर भई ३.२८ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशले देशको कुल गार्हस्थ्य उत्पादनमा ७.०३ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ ।

बृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी ३३.४३ प्रतिशत योगदान कृषि, वन, तथा मत्स्य क्षेत्रको र सबैभन्दा कम ०.१३ प्रतिशत योगदान प्रशासनिक तथा सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान गरिएको छ । आ.व. २०८१/८२ मा पनि कृषि, वन, तथा मत्स्य क्षेत्रको योगदान अग्रस्थान (३३.५३ प्रतिशत) र प्रशासनिक तथा सहयोगी क्षेत्रको योगदान अन्तिम स्थान (०.१३ प्रतिशत) मा रहने संशोधित अनुमान गरिएको छ ।

## २.२ अन्तर प्रदेश तुलना

**तालिका २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)(आ.व.२०८२/८३)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | **सुदूरपश्चिम** | **राष्ट्रिय** |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | १०४३ | ८६३ | २४२३ | ५९३ | ९३७ | २७७ | ४६४ | **६६००** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८० | १३.१० | ३६.७० | ९.० | १४.२० | ४.२० | **७.०** | **१००** |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) (प्रतिशत) | ३.१३ | १.३१ | ५.४० | ५.०१ | २.८७ | २.९४ | **३.२८** | **३.८५** |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | १४१० | ९३४ | २६४४ | १६५१ | १२०८ | ११०८ | **११७०** | **१५१३** |
| कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको हिस्सा (प्रतिशत) | ३२.८ | ३५.१ | ११.८ | २६.३ | ३०.२ | ३१.७ | **३३.६** | **२४.५** |
| कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको हिस्सा (प्रतिशत) | १७.३ | १२.० | ११.७ | १८.४ | १४.८ | ९.९ | **१३.७** | **१३.७** |
| कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको हिस्सा (प्रतिशत) | ४९.९ | ५२.९ | ७६.५ | ५५.३ | ५४.९ | ५८.४ | **५२.७** | **६१.८** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८३*

### (क) कुल गार्हस्थ्य उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.६६ खर्ब  हुने अनुमान गरिएकोमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३६.७१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ४.२० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा पनि बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुऱ्याउने प्रदेशहरूमा क्रमशः कोशी, लुम्बिनी, मधेस, गण्डकी, सुदूरपश्चिम र कर्णाली प्रदेश रहेका छन् ।

### (ख) आर्थिक वृद्धि

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.८५ प्रतिशत रहने अनुमान गरिएकोमा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ५.४० प्रतिशत र मधेश प्रदेशको वृद्धिदर सबैभन्दा कम १.३१ प्रतिशत रहने अनुमान छ ।

संशोधित अनुमान अनुसार आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको वृद्धिदर सबैभन्दा बढी ५.२९ प्रतिशत र कोशी प्रदेशको सबैभन्दा कम २.७२ प्रतिशत देखिएको छ । आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर ३.२१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा आर्थिक वृद्धिदर ३.२८ प्रतिशत रहने अनुमान छ ।

### (ग) क्षेत्रगत योगदान

आर्थिक वर्ष २०८२/८३ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशको ३५.११ प्रतिशत, द्वितीय क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १८.३७ प्रतिशत र सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७६.५३ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३३.६५ प्रतिशत, १३.६९ प्रतिशत र ५२.६६ प्रतिशत रहने अनुमान छ।

## २.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

१. भौगोलिक विविधता सहित तराई, पहाडी तथा हिमाली क्षेत्रहरु रहेको यस प्रदेशमा कृषि क्षेत्रमा प्रचूर सम्भावनाहरु रहेको छ। सुदूरपश्चिम प्रदेश सरकारले तर्जुमा गरेको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) प्रभावकारी कार्यान्वयन गर्दै कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको वैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास गर्न सकेमा रोजगारी सिर्जनाका साथै गरीबी निवारणमा टेवा पुग्ने देखिन्छ।

२. यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा लगायतका नदीहरुबाट विद्युत उत्पादन र प्रदेशमा सिँचाईको विस्तार गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। साथै, यस प्रदेशमा सौर्य र वायु ऊर्जा उत्पादनका आयोजनाको लागि पनि उत्तिकै सम्भावना रहेको छ।

३. प्रदेशमा रहेको जनसांख्यिकीय लाभलाई उपयोग गर्न कृषि ज्ञान, सीप, तालिमबाट युवा जनशक्तिलाई कृषि प्रणालीसँग आवद्ध गर्ने, स्वरोजगारी तथा उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

४. वन पैदावार तथा कृषि कच्चा पदार्थमा आधारित वस्तुहरुको उत्पादन, प्रशोधन तथा वितरण गर्न सके आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ।

५. सिमावर्ती भारतस्थित प्रदेशहरुमा धार्मिक पर्यटनको प्रचार प्रसारमार्फत् यस प्रदेशमा पर्यटक भित्र्याउन सकिने सम्भावना रहेको छ।

### २.३.२ प्रादेशिक चुनौती

१. कृषि तथा पशुपालन र जडीबुटी तथा वनजन्य उत्पादनमा प्रचुर सम्भावना रहेका हिमाली तथा पहाडी जिल्लाहरूबाट भइरहेको तीव्र बसाँइ/सराईले उक्त जिल्लाहरुमा जनसंख्या कम भई उर्वरभूमी बाँझो रहने समस्या मुख्य चुनौतीको रुपमा रहेको छ।

२. गरीबीको दर उच्च रहेको यस प्रदेशबाट उल्लेख्य रुपमा रोजगारीका लागि भारत लगायत तेश्रो मुलुकहरुमा जाने श्रमिकहरुलाई प्रदेशमै पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्नु चुनौतीपूर्ण रहेको छ।

३. प्रदेशमा कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरणमार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ। प्रदेशका विभिन्न क्षेत्रहरु विशेषतः पहाडी तथा हिमाली जिल्लाहरुमा सिँचाईको लागि आकाशे पानीमा भर पर्नु पर्ने अवस्था अन्त्य गर्नु चुनौतीको रुपमा रहेको छ।

४. कृषकहरुमा वित्तीय साक्षरताको अभिवृद्धि गरी बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने विपन्न वर्ग कर्जा, प्राथमिकता प्राप्त क्षेत्र कर्जा, कृषि कर्जा, सहुलियतपूर्ण कर्जा, कृषि उद्यमशिल कर्जा, सरकारी तथा गैर सरकारी संस्थाहरुले प्रदान गर्ने कृषि अनुदान तथा कृषि बीमा सुविधाको न्यायोचित र समावेशी वितरण, पहुँच र सदुपयोगितालाई थप प्रभावकारी बनाउनु।

५. यस प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरु जलवायु परिवर्तनका प्रभावका दृष्टिले उच्च देखि न्यून संवेदनशिल वर्गमा पर्दछन् । साथै, प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो, आगलागी, भुकम्पका कारण प्रदेशमा वर्षेनी हुने क्षति न्यूनीकरण समेत चुनौतीको रुपमा रहेको छ ।


# परिच्छेद ३: कृषि क्षेत्र

यस परिच्छेदमा सुदूरपश्चिम प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, जिल्लागत स्थिति, कृषि उत्पादनको स्थिति, पशुपन्छी तथा वनजन्य उत्पादन, सिँचाईको अवस्था, कृषि क्षेत्रका चुनौती तथा सम्भावनाहरूको संक्षिप्त विश्लेषण गरिएको छ ।

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी, फलफूल तथा मसला) ले ढाकेको क्षेत्रफलमा २.३८ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.६५ प्रतिशतले ह्रास भएको थियो । पछिल्ला वर्षहरुमा सुदूरपश्चिम प्रदेशमा कृषि उपजले ढाकेको क्षेत्रफल कमिक रुपमा घट्दै गएको छ । गत वर्षको तुलनामा बाजुरा, बझाङ, बैतडी, डडेल्धुरा र कैलाली जिल्लामा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अर्न्तगत प्रदेश तहबाट ब्लक र स्थानीय तहबाट पकेट क्षेत्रका कार्यक्रम, उच्च मूल्यका बालीबस्तुको खेती प्रवर्द्धन हुनु, स्थानीय तथा रैथाने विउबालीको खेती विस्तारका कार्यक्रम, फलफुल, जडिबुटी तथा उच्च मूल्यका बनस्पतीको वृक्षारोपणलाई प्रोत्साहन गर्ने लगायतका कार्यक्रमहरु सञ्चालन हुनाले कृषि उपजले ढाकेको क्षेत्रफल बढेको छ भने अन्य जिल्लाहरुमा यस्तो क्षेत्रफल घटेको छ । ग्रामिण क्षेत्रबाट सहरी क्षेत्रमा हुने बसाँइसराई, जलवायू परिवर्तन, खेतीयोग्य जमिनको खण्डीकरण, कृषक प्रतिको दृष्टिकोण, जंगली जनावरको आक्रमण, शिक्षित युवाहरुको कृषि क्षेत्रप्रतिको विकर्षण तथा वैदेशिक रोजगारी लगायतका कारणले यस्तो भू-क्षेत्रमा गिरावट आएको देखिएको छ ।

**चार्ट ३.१ : प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल (हेक्टरमा)**




*स्रोत: सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु ।*

### ३.१.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल २.३६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा २.९८ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा धान, आलु, उखु, भटमासको क्षेत्रफल क्रमशः ०.९१ प्रतिशत, १५.१७ प्रतिशत, २.२४ प्रतिशत र २.२० प्रतिशतले वृद्धि भएको छ भने मकै, कोदो, फापर, दलहन र तेलहनको क्षेत्रफल क्रमशः ४.२८ प्रतिशत, ५.७५ प्रतिशत, ५५.२८ प्रतिशत, ३०.८५ प्रतिशत र १७.९१ प्रतिशतले कमी आएको छ । खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ५४.५९ प्रतिशत भू-भागमा धान, १४.२७ प्रतिशत भू-भागमा मकै, ७.४८ प्रतिशत भू-भागमा तेलहन र ७.१८ प्रतिशत भू-भागमा दलहन खेती रहेको

छ । पछिल्लो समय प्रदेशका विभिन्न जिल्लाहरुमा आलुको माग र मूल्यमा भएको वृद्धि र बजारीकरणमा सहजताका कारण युवा कृषकहरुको आकर्षण व्यवसायिक आलु खेतीतर्फ बढेको देखिन्छ ।

### ३.१.२ तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल २३ हजार ६ सय ६३ हेक्टर रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १३.१२ प्रतिशतले कम हो । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.८४ प्रतिशतले वृद्धि भएको थियो । पहाडी क्षेत्रमा जग्गा बाँझो राख्ने प्रवृति, घटदो उत्पादकत्व, बसाईंसराईका साथै बाँदर, बदैंलजस्ता जंगली जनावरले बाली नष्ट गर्ने भएकाले तरकारी तथा बागवानीले ओगटेको भू-क्षेत्र घट्न गएको हो ।

### ३.१.३ फलफूल, मसला तथा मह

समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल २६.७६ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल ४.२४ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिमा मसला बालीले ढाकेको क्षेत्रफल १.८५ प्रतिशतले ह्रास भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.५४ प्रतिशतले ह्रास भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा मह घारको संख्या २७.२८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो संख्या ४.९२ प्रतिशतले बढेको थियो ।

### जिल्लागत स्थिति

जिल्लागत स्थिति हेर्दा समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी, फलफूल तथा मसला) ले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी ३९.६२ प्रतिशत हिस्सा कैलाली र सबैभन्दा कम ४.४७ प्रतिशत हिस्सा दार्चुलाले ओगटेको छ । त्यसैगरी खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी र बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम क्रमशः ३८.५४ प्रतिशत र ४.१५ प्रतिशत रहेको छ भने तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी र बझाङ जिल्लाको हिस्सा सबैभन्दा कम कम्रशः ५३.१८ प्रतिशत र ४.२३ प्रतिशत रहेको छ । फलफूल तथा मसलाले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम क्रमशः ३८.७४ प्रतिशत र ३.७५ प्रतिशत रहेको देखिन्छ ।

**तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (२०८२ साउन-पुस मसान्त)**


| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| बाजुरा | ११,६००.०० | १,०१७.०० | १,८९०.०० | ४.१५ | ४.३० | ९.४६ |
| बझाङ | १६,८२३.०० | १०००.०० | १,४४०.०० | ६.०२ | ४.२३ | ७.२१ |
| दार्चुला | १२,३८९.०० | १,०१०.०० | १,०३७.०० | ४.४३ | ४.२७ | ५.१९ |
| बैतडी | १६,८००.०० | १,३१०.०० | १९५२.५० | ६.०१ | ५.५४ | ९.७८ |
| डडेल्धुरा | १२,९३९.०० | २,१७२.०० | २,०५५.०० | ४.६३ | ९.१८ | १०.२९ |
| डोटी | २३,५७५.०० | २,३८३.०० | २,१५७.०० | ८.४४ | १०.०७ | १०.८० |
| अछाम | १९,८६०.४२ | १०४२.७० | ७४९.०० | ७.११ | ४.४१ | ३.७५ |
| कैलाली | १,०७,६८९.०० | १२,५८३.०० | ७,७३६.०० | ३८.५४ | ५३.१८ | ३८.७४ |
| कञ्चनपुर | ५४,७५२.०० | १,१४५.०० | ९५५.०० | २०.६७ | ४.८४ | ४.७८ |
| **जम्मा** | **२,७९,४२७.४२** | **२३,६६२.७०** | **१९,९७१.५०** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोतः सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु ।*

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशको प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन ४.९४ प्रतिशतले ह्रास भएको छ भने गत वर्षको सोही अवधिमा समग्र कृषि बालीको उत्पादनमा १.९९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा यस प्रदेशको कृषि बालीले ढाकेको क्षेत्रफलमा केही कमी आउनुको साथै उत्पादनमा पनि कमी आएको छ । समीक्षा अवधिमा खाद्यान्न बालीको उत्पादनमा कमी आएको छ भने नगदेबाली जस्तै फलफूल, आलु, भटमास, बागवानी र मह जस्ता प्रमुख कृषि बालीको उत्पादनमा वृद्धि भएको छ । पछिल्लो समय कृषकहरु निर्वाहमुखी खेतीभन्दा नगदेबालीको व्यावसायिक खेतीतर्फ उन्मुख भएका देखिन्छन् ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीहरूको उत्पादन (हजार मे.टनमा)**




*स्रोतः सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु ।*

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन २.०१ प्रतिशतले ह्रास भएको छ तर अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन ०.७८ प्रतिशतले वृद्धि भएको थियो । प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी फापर र दलहनको उत्पादनमा क्रमशः ५८.७० प्रतिशत र ३०.३६ प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, आलु र भटमासको उत्पादनमा क्रमशः ३.६४ प्रतिशत र ८.५२ प्रतिशतले वृद्धि भएको छ भने धान, मकै, तेलहनजस्ता बालीहरुको उत्पादनमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा क्रमशः १.८४ प्रतिशत, ६.२२ प्रतिशत र १९.६६ प्रतिशतले कमी आएको छ ।

जिल्लागत आधारमा कैलाली, कञ्चनपुर, डोटी, बैतडी र दार्चुला जिल्लामा खाद्य तथा अन्य बालीको उत्पादनमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ह्रास आएको छ भने अन्य जिल्लाहरु बाजुरा, बझाङ, डडेल्धुरा र अछाममा खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ । समीक्षा अवधिमा आलु, दलहन र तेलहन जस्ता बालीहरुको व्यावसायिक रुपमा खेती विस्तार हुनु, लेक खेतीको विस्तार हुनु, सिँचाई सुविधा र यातायातको पहुँच विस्तार हुनु, मौसम अनुकूल रहनुले गत वर्षको तुलनामा यस्ता बालीहरुको उत्पादन बाजुरा, बझाङ, अछाम र डडेल्धुरा जिल्लामा क्रमशः ९६.५४ प्रतिशत, ८.६१ प्रतिशत, ८.७९ प्रतिशत र २७.१० प्रतिशतले वृद्धि भएको छ भने कञ्चनपुर जिल्लामा यस्ता बालीको उत्पादन ६.३१ प्रतिशतले ह्रास आएको छ ।

### ३.२.२. तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीको उत्पादनमा २२.४३ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्षको सोही अवधिमा तरकारी तथा बागवानीको उत्पादन ८.९३ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत आधारमा तरकारीको उत्पादन दार्चुला जिल्लामा ९१.४४ प्रतिशत, बाजुरा जिल्लामा ८३.२१ प्रतिशत र कञ्चनपुर जिल्लामा ७९.३७

प्रतिशतले ह्रास आएको छ भने यस्तो उत्पादन बझाङ जिल्लामा १८.८१ प्रतिशत, बैतडी जिल्लामा १८.२४ प्रतिशत र डडेल्धुरा जिल्लामा ६.७४ प्रतिशतले वृद्धि भएको छ र अन्य सबै जिल्लाहरुमा सामान्य वृद्धि भएको देखिन्छ । पहाड तथा हिमाली क्षेत्रमा खेतीयोग्य जमिन बाँझो हुदै जानु, तराईमा खेतीयोग्य जमिन खण्डिकरण हुनु र सिमानाकाबाट अबैध रुपमा तरकारी आयात हुनाले तरकारीको उत्पादनमा कमी आएको देखिन्छ ।

### ३.२.३. फलफूल, मसला तथा मह

समीक्षा अवधिमा फलफूलको उत्पादनमा ९.९५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोहि अवधिमा फलफूल उत्पादन ०.४९ प्रतिशतले ह्रास आएको थियो । यस समूह अन्तर्गत सुन्तला, आँप, केरा, स्याउ र अन्य फलफूलको उत्पादन क्रमशः १८.५० प्रतिशत, ११.६१ प्रतिशत, ७.७१ प्रतिशत, १३.९७ प्रतिशत र ०.३२ प्रतिशतले वृद्धि भएको छ । त्यस्तैगरी, समीक्षा अवधिमा मसलाको उत्पादनमा ०.१७ प्रतिशतले कमी आएको छ भने गतवर्ष त्यस्तो उत्पादन ०.३८ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिमा महको उत्पादन ६.१९ प्रतिशतले वृद्धि भएको छ भने गतवर्ष त्यस्तो उत्पादन २.८६ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत आधारमा फलफूलको उत्पादन बाजुरा र कैलाली जिल्लामा घटेको छ भने अन्य जिल्लामा बढेको छ । त्यस्तै मसलाजन्य बालीको उत्पादन सबै जिल्लाहरुमा बढेको छ भने महको उत्पादन बाजुरा जिल्ला बाहेक अरु सबै जिल्लाहरुमा बढेको छ ।

### जिल्लागत स्थिति

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ४०.६४ प्रतिशत र दार्चुला जिल्लाको हिस्सा सबैभन्दा कम २.७२ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशको कुल खाद्य तथा अन्य बालीको उत्पादनको ७२.६१ प्रतिशत हिस्सा कैलाली र कञ्चनपुर जिल्लाले आगटेको छ । त्यस्तैगरी, तरकारी तथा बागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५१.०२ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम ०.३२ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशको कुल तरकारी तथा बागवानी उत्पादनको ६३.१३ प्रतिशत हिस्सा कैलाली र डोटीले ओगटेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४८.५२ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.४९ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशको कुल फलफूल तथा मसला उत्पादनको ६०.४० प्रतिशत हिस्सा कैलाली र डोटीले ओगटेको छ ।

**तालिका ३.२ : प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन (२०८२ साउन-पुस)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| बाजुरा | ३९,७३४.०० | ८३६.०० | ५,३८६ | २.८५ | ०.३२ | ३.११ |
| बझाङ | ६३,७०६.०० | १२,०००.०० | १४,०००.०० | ४.५७ | ४.६५ | ८.०९ |
| दार्चुला | ३७,९७३.०० | ११५०.०० | ९,५५८.०० | २.७२ | ०.४५ | ५.५२ |
| बैतडी | ४१,३८५.०० | १९,४५०.०० | ४,८३२.८५ | २.९७ | ७.५३ | २.७९ |
| डडेल्धुरा | ६२,७५९.०० | २७,६८८.०० | १४,८२५.०० | ४.५० | १०.७२ | ८.५६ |
| डोटी | ८६,३४९.०० | ३१,२७२.०० | २०,५६५.०० | ६.१९ | १२.११ | ११.८८ |
| अछाम | ५०,२८७.०३ | १६,३६१.७५ | २,५८०.०३ | ३.६० | ६.३४ | १.४९ |
| कैलाली | ४,४५,९३६.०० | १,३१,७६८.०० | ८४,०१०.०० | ३१.९७ | ५१.०२ | ४८.५२ |
| कञ्चनपुर | ५,६६,९३३.०० | १७,७४७.५० | १७,३८०.०० | ४०.६४ | ६.८७ | १०.०७ |
| **जम्मा** | **१३,९५,०६२.०३** | **२,५८,२७३.२५** | **१,७३,१३६.८८** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु, सुदूरपश्चिम प्रदेश ।*

## ३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्छी तथा माछा उत्पादन

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशको दूध उत्पादन २५.११ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा दूध उत्पादन ३.५९ प्रतिशतले बढेको थियो । हाल विभिन्न स्थानीय तहहरुमा उन्नत जातका भैँसी प्रवर्द्धन कार्यक्रमहरु संचालनमा रहनुका साथै ऋणमा कृषकहरुको पहुँच बढेको, व्यावसायिक गाई तथा भैँसीपालनमा वृद्धि भएकाले समीक्षा अवधिमा दूध उत्पादन बढेको देखिन्छ । त्यसैगरी, समीक्षा अवधिमा मासुजन्य उत्पादन ०.१७ प्रतिशतले घटेको छ भने अघिल्लो वर्षको सोही अवधिमा मासु उत्पादन १२.०५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादनतर्फ भैंसी/राँगोको मासु उत्पादन ०.६७ प्रतिशत र खसी/बोका/भेडाको मासु उत्पादनमा ०.८९ प्रतिशतले कमी आएको छ । सुंगुर/बंगुरको मासु उत्पादन २.३२ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन भने ४.४४ प्रतिशतले बढेको छ ।

**कालिका मासु उत्पादन तथा प्रशोधन उद्योग**





सुदूरपश्चिम प्रदेशकै नमुना मासु उत्पादन तथा प्रशोधन उद्योगका रुपमा रहेको कालिका मासु उत्पादन तथा प्रशोधन उद्योग डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका-४, डोटी मा सञ्चालनमा रहेको छ । मासु प्रशोधन सम्बन्धी Level 1 तालिम लिएका तथा एसएलसीसम्म अध्ययन गरेका गोपाल सिंह भाटद्वारा सञ्चालित उक्त फर्ममा आफ्नो बचत तथा बैंकबाट कर्जा समेत गरी करिब ३ करोड लगानी रहेको छ । २०६४ सालमा फर्म सञ्चालनमा ल्याई हाल सुदूरपश्चिमका पहाडी ३ जिल्लाहरु डडेल्धुरा, डोटी र अछामका सबै क्षेत्रहरुमा मासु तथा मासुका परिकारहरु (चिकेन सुकुटी, अचार तथा फ्रोजन फ्रेस मिट) विक्रि वितरण गर्दै आइरहेका छन् । अघिल्ला वर्षहरुमा औसतमा वार्षिक ३.६ करोडको कारोबार रहेकोमा आगामी वर्षहरुमा करिव १० देखि २० प्रतिशतका दरले कारोबार वृद्धि हुने अनुमान रहेको उनले बताए । उक्त फर्मलाई भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डोटीले अनुदान तथा मेशिनरी उपकरण प्रदान गरी विशेष सहयोग गर्दै आएको छ । उक्त फर्ममा हाल पुरुष १४ तथा महिला २ जना गरी जम्मा १६ जनाले रोजगारी प्राप्त गर्दै आइरहेका छन् । भाबी योजना अर्न्तगत बजार विस्तार गर्न कैलाली जिल्लालाई समेत समेटी व्यापार/व्यवसाय सञ्चालन गर्ने लक्ष्य लिएको उनले बताएका छन् ।

*स्रोत: स्थलगत अध्ययन तथा फोन अन्तरवार्ता*

समीक्षा अवधिमा अण्डा उत्पादन २.१० प्रतिशत घटेको छ । त्यसैगरी, ऊन उत्पादन १०.३४ प्रतिशत र छाला उत्पादन ३.७८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ३.७३ प्रतिशत, ऊन उत्पादन ४२.१० प्रतिशतले वृद्धि भएको थियो भने छाला उत्पादन १.५४ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा माछा उत्पादनमा १.५९ प्रतिशतले वृद्धि भएको छ भने गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन १.०६ प्रतिशतले

वृद्धि भएको थियो । पछिल्लो समयमा बाखापालन, कुखुरापालन, भेडापालन लगायतका पशुपालन व्यवसायमा युवा तथा महिलाहरुको संलग्नता बढेसँगै पशुको संख्यामा वृद्धि भई मासु, अण्डा र ऊनको उत्पादनमा वृद्धि भएको हो ।

### जिल्लागत स्थिति

समीक्षा अवधिमा प्रदेशको कुल दूध उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५६.७१ प्रतिशत र डोटी जिल्लाको सबैभन्दा कम ३.६८ प्रतिशत रहेको छ । मासु उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ६३.०४ प्रतिशत र डडेल्धुरा जिल्लाको सबैभन्दा कम २.७३ प्रतिशत रहेको छ । त्यसैगरी, अण्डा उत्पादनमा समेत कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ६९.४८ प्रतिशत र दार्चुला जिल्लाको हिस्सा सबैभन्दा कम ०.४८ प्रतिशत रहेको छ । समग्रमा प्रमुख पशुपन्छीजन्य उत्पादनमा कैलाली जिल्लाको हिस्सा झण्डै ६० प्रतिशत रहेको छ ।

**तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन २०८२/८३ (साउन-पुस)**

| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दुध | मासु | अण्डा |
| बाजुरा | १०,७८२.०० | १,६७९.०० | ४८६.०० | ४.६५ | ४.२७ | ०.७६ |
| बझाङ | १५,५२२.०० | १,१५५.०० | ७७९.०० | ६.६९ | २.९४ | १.२२ |
| दार्चुला | ९,०५७.०० | १,१२७.०० | ३०५.०० | ३.९० | २.८७ | ०.४८ |
| बैतडी | ८,९३४.७५ | १,६१८.७५ | १,९६०.७५ | ३.८५ | ४.१२ | ३.०८ |
| डडेल्धुरा | ११,९७६.५० | १,०७३.०० | ८००.१० | ५.१६ | २.७३ | १.२६ |
| डोटी | ८,५३९.५१ | १,२१३.०१ | १,९३१.७३ | ३.६८ | ३.०९ | ३.०४ |
| अछाम | २२,४४०.०० | १,७०२.५० | १,०३१.२० | ९.६७ | ४.३३ | १.६२ |
| कैलाली | १,३१,५६४.०० | २४,७६१.०० | ४४,१८७.०० | ५६.७१ | ६३.०४ | ६९.४८ |
| कञ्चनपुर | १३,१९८.०० | ४,९४८.०० | १२,११९.०० | ५.६९ | १२.६० | १९.०६ |
| जम्मा | **२,३२,०१३.७६** | **३९,२७७.२४** | **६३,५९९.७८** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोतः भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय ।*

## ३.३.२ वनजन्य उत्पादन

समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ, औषधीजन्य वस्तु र अन्य उत्पादन क्रमशः १०५.८७ प्रतिशत, २.४० प्रतिशत र ३४.०४ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादनमा भने १४.१५ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही अवधिमा काठ, दाउरा र औषधीजन्य उत्पादन क्रमशः १२.२२ प्रतिशत, ३३.७५ प्रतिशत र ७.९५ प्रतिशतले वृद्धि भएको थियो भने अन्य उत्पादन २३.१५ प्रतिशतले ह्रास आएको थियो । विभिन्न सामुदायिक वन तथा साझेदारी वनबाट ढलापडा तथा प्राकृतिक प्रकोपबाट ढलेका रुखहरुको सदुपयोग तथा दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालनमा रहेकोले काठ तथा अन्य उत्पादन बढेको देखिन्छ । त्यसैगरी, कैलाली तथा कञ्चनपूर जिल्लास्थित सम्बन्धित निकायहरुबिच समन्वयको अभावका कारण दाउरा उत्पादनमा भने कमी आएको छ ।

### जिल्लागत स्थिति

समीक्षा अवधिमा बझाङ जिल्लामा सबैभन्दा कम काठ उत्पादन भएको छ भने डोटी जिल्लामा सबैभन्दा बढी काठ उत्पादन भएको छ । समीक्षा अवधिमा बाजुरा, बझाङ, दार्चुला, डडेल्धुरा र अछाम जिल्लामा दाउरा उत्पादन नरहेको र यस्तो उत्पादन सबैभन्दा धेरै कञ्चनपुर जिल्लामा रहेको छ । औषधीजन्य वस्तुको उत्पादनमा भने बझाङ, बैतडी, दार्चुला र डोटी जिल्लाको बाहुल्यता देखिन्छ । काठ उत्पादनमा डोटी र कैलाली जिल्लाको हिस्सा ५७ प्रतिशत, दाउरा

उत्पादनमा डोटी र कञ्चनपुर जिल्लाको हिस्सा ८२ प्रतिशत र औषधीजन्य वस्तु उत्पादनमा बझाङ र बैतडीको हिस्सा ८० प्रतिशत रहेको छ ।

**तालिका ३.४ : प्रमुख वनजन्य उत्पादन २०८२/८३ (साउन-पुस)**


| जिल्ला | उत्पादन | | |
|---|---|---|---|
| | काठ (क्युविक फिट) | दाउरा (चट्टा) | औषधिजन्य वस्तु (मे.टन) |
| **बाजुरा** | ३,९३८.०६ | - | १८.२५ |
| **बझाङ** | २,४७५.६२ | - | ३४६.८१ |
| **दार्चुला** | ४,६०३.६७ | - | ५६.३२ |
| **बैतडी** | ४५,४७६.७६ | २.०० | ३८८.६५ |
| **डडेल्धुरा** | ३३,०००.०० | - | १.५९ |
| **डोटी** | १,७६,६७२.२५ | १०५.५० | ५३.४० |
| **अछाम** | ३८,५७७.२३ | - | ३३.९० |
| **कैलाली** | १,०८,६६४.५९ | ८२.८० | १९.४० |
| **कञ्चनपुर** | ८४,२४६.६९ | २८४.६९ | - |
| **जम्मा** | **४,९७,६५४.८७** | **४७४.९९** | **९१८.३२** |

*स्रोतः प्रदेशस्थित डिभिजन वन कार्यालयहरु ।*

## ३.४ सिँचाई

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल ५.४० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा सिँचित क्षेत्रफल २.४५ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफलको ३१ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ भने कुल खेती गरिएको भू-भागमध्ये ३८ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ। कुल सिँचित क्षेत्रफलमध्ये २४.४८ प्रतिशत कुलो र ७२.४१ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरीबाट २.६३ प्रतिशत, बोरिङ्ग सिँचाई प्रणालीबाट ०.४८ प्रतिशत सिँचाई भएको देखिन्छ ।

**चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**





*स्रोतः जिल्लास्थित जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा २.०२ प्रतिशतले ह्रास भई रु. १५ अर्ब ६४ करोड ११ लाख १० हजार पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ०.९७ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा २०.९६ प्रतिशत, पशुपालन तथा पशु बधशाला शिर्षकमा १६.९१ प्रतिशत, अन्नबाली शीर्षकमा १५.४७ प्रतिशत, कृषि उत्पादन भण्डारणमा १४.०८ प्रतिशत, पंक्षीपालनमा १२.५४ प्रतिशत, तरकारीबालीमा ५.५४ प्रतिशत कर्जा प्रवाह भएको छ भने सबैभन्दा कम सनपाटमा कुल कर्जाको ०.०१ प्रतिशत कर्जा प्रवाह भएको छ । त्यस्तै यस प्रदेशमा सूर्ति शीर्षकमा कर्जा प्रवाह भएको छैन् । समीक्षा अवधिमा सबैभन्दा बढी शित भण्डारण शीर्षकमा प्रवाह भएको कर्जामा २७.८६ प्रतिशतले ह्रास भएको छ भने बीउवीजन शिर्षकमा प्रवाह भएको कर्जामा सबैभन्दा बढी २३.८५ प्रतिशतले वृद्धि भएको छ ।

**चार्ट ३.४ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाहित कुल कर्जाको ९.७१ प्रतिशत कृषि क्षेत्रतर्फ प्रवाह भएको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये ६८.१७ प्रतिशत कर्जा कैलाली जिल्लामा प्रवाह भएको छ भने सबैभन्दा कम ०.९६ प्रतिशत कर्जा बाजुरा जिल्लामा प्रवाह भएको छ । बैंक तथा वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रमा प्रवाहित कर्जाको ८७.८५ प्रतिशत कर्जा कैलाली र कञ्चनपुर जिल्लामा केन्द्रित छ भने बाँकी जिल्लाहरुमा कुल कृषि क्षेत्रमा प्रवाहित कर्जाको १२.१५ प्रतिशत मात्र कर्जा प्रवाह गरिएको छ ।

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु

### चुनौतीहरु:

१. हिमाली तथा पहाडी जिल्लाहरुबाट तराई र सहरी क्षेत्रमा भईरहेको तिब्र बसाँइसराई कम गरी बढ्दै गएको खेतीयोग्य जमिनको खण्डिकरण र जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु ।

२. कृषकहरुमा वित्तीय साक्षरताको अभिवृद्धि गरी बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने विपन्न वर्ग कर्जा, प्राथमिकता प्राप्त क्षेत्र कर्जा, कृषि कर्जा, सहुलियतपूर्ण कर्जा, कृषि उद्यमशिल कर्जा, सरकारी तथा गैर सरकारी संस्थाहरुले प्रदान गर्ने कृषि अनुदान तथा कृषि बीमा सुविधाको न्यायोचित र समावेशी वितरण, पहुँच र सदुपयोगितालाई थप प्रभावकारी बनाउनु ।
३. शिक्षित युवा, विदेशबाट फर्किएका व्यक्तिहरुलाई कृषि तथा पशुपालन व्यवसायमा आकर्षित गराई कृषिको व्यवसायिकरण, विविधीकरण, उद्यमशीलता र आधुनिकीकरणमार्फत् प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान अभिवृद्धि गर्नु ।
४. आधुनिक कृषि उपकरणहरु, उन्नत बीउबीजन, मलखाद, सिँचाई लगायतका सुविधाहरुको दिगो र सर्वसुलभ उपलब्धताको सुनिश्चितताका साथै कृषि पूर्वाधारहरुको विकासमार्फत् कृषि उत्पादन र गुणस्तरमा वृद्धि गर्नु ।
५. कृषि पेशामा संलग्न कृषकहरुलाई आवश्यक कृषि ज्ञान, सिप, तालिम र पुरुस्कार प्रणालीमार्फत् युवाहरुमा कृषि उद्यमशिलताको विकास गर्दै यस क्षेत्रमा आकर्षित गर्नु ।
६. कृषि विकास कार्यक्रमहरु, कृषि उत्पादनको मूल्य निर्धारण र बजारीकरणलाई व्यवस्थित गरी कृषि उपजको वितरणमा बिचौलियाको प्रभुत्व हटाउनु ।
७. भारतबाट हुने कृषि उपजहरुको अवैध आयात निरुत्साहित गरी पुँजी र प्रविधिको प्रयोगमार्फत् स्वदेशी कृषी उत्पादनलाई प्रतिस्पर्धी बनाई आयातलाई प्रतिस्थापन गर्नु र परनिर्भतामा घटाउनु ।
८. उपयुक्त कृषि कार्यक्रम, योजना, रणनीति, वार्षिक बजेट तथा कार्ययोजना र नीति निर्माण गर्न कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न निकायहरुबाट संकलन हुने तथ्याङ्कमा स्पष्टता र एकरुपता कायम गर्नु ।
९. जलवायु परिवर्तनले कृषि उत्पादनमा पारेको नकारात्मक प्रभाव र जंगली जनावरबाट हुने हानी नोक्सानी कम गर्नु ।

### सम्भावनाहरुः

१. यस प्रदेशको वार्षिक विकास कार्यक्रम अर्न्तगत स्थानीय तह विशेष पकेट क्षेत्र कार्यक्रम, जलवायुमैत्री कृषि गाँउ स्थापना सञ्चालन, प्राङ्गारिक कृषि प्रर्वद्धन कार्यक्रम, विभिन्न बाली प्रर्वद्धन कार्यक्रमहरु, रैथाने खेती प्रर्वद्धन कार्यक्रम, बिउ आलु उत्पादन कार्यक्रम, खेतीयोग्य बाँझो जमिन सदुपयोग कार्यक्रम, उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान कार्यक्रम, युवा लक्षित व्यावसायिक तरकारी खेती/मौरीपालन कार्यक्रम, चक्लावन्दीमा मसला खेती प्रर्वद्धन कार्यक्रम, हिँउदे/बसन्ते मकै प्रर्वद्धन कार्यक्रम, उत्कृष्ट कृषि फर्ममा कृषक सिकाई केन्द्र स्थापना, साना सिँचाई निर्माण कार्यक्रम, कृषि यान्त्रिकीकरण कार्यक्रम लगायतका कार्यक्रमहरु सञ्चालनमा रहेकोले कृषकहरु लाभान्वित हुने सम्भावना रहेको ।
२. कृषि/भेटेरिनरी अध्ययन गरेका र विदेशबाट फर्किएका युवा लक्षित विभिन्न तालिम तथा सिपमुलक कार्यक्रमहरु सञ्चालनमा रहेकाले कृषि क्षेत्रमा व्यावसायिकरण तथा उद्यमशिलताको विकास भई रोजगारी र आयस्तरमा सुधार हुने सम्भावना रहेको छ ।
३. रानीजमरा कुलरिया सिँचाई र महाकाली सिँचाई परियोजना जस्ता बहुवर्षिय तथा बहुउद्देशिय परियोजनाका साथै साना सिँचाई निर्माण कार्यक्रमले सिँचाई सुविधाको विस्तार भई कृषि उत्पादन बढ्न गई कृषकहरु लाभान्वित हुने सम्भावना रहेको छ ।
४. पछिल्लो समय पहाडी तथा हिमाली जिल्लाहरुमा उत्पादन हुने कृषि उत्पादनको माग बढ्दै गएकोले यस प्रदेशमा कृषि-वन-व्यवसायको सन्तुलित विकासमार्फत् दिगो, वातावरणमैत्री, जलवायुमैत्री कृषि प्रणालीको विकास र अर्गानिक उत्पादनको प्रर्वद्धन गरी कृषकहरुको आयस्तर वृद्धि गर्न सकिने सम्भावना रहेको ।
५. यस प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरुमा स्याउ, सुन्तला, ओखर खेती तथा कैलाली र कञ्चनपुरमा आँप, केरा र उखु खेतीको उच्च सम्भावना रहेको छ । साथै, उच्च पहाडी तथा हिमाली जिल्लाहरुमा जडीबुटीहरुबाट राम्रो आम्दानी गर्न सकिने सम्भावना रहेको छ । प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा कृषियोग्य जमिनको चक्लाबन्दी गरी धान, गहुँ, उखु र तेलहनको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ । साथै, डडेल्धुरा, बैतडी, बाजुरा, अछाम लगायतका पहाडी जिल्लाहरुमा मकै, तरकारी, आलु, अदुवा र फलफूल खेतीको साथै पशुपालनको राम्रो सम्भावना रहेको छ ।

६. कृषि शिक्षालयको स्थापना र साझेदारीमा पढ्दै कमाउदै कार्यक्रम, ओ.जे.टी., कृषि फार्ममा कृषक सिँकाई केन्द्र सञ्चालन, अन्तरफर्म/अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण, अध्ययन अनुसन्धान र नविनतम प्रविधि अवलोकनमार्फत् कृषि ज्ञान व्यवस्थापन, तालिम, सिप सिकाई र कृषि जनशक्तिको उत्पादन भई कृषिको आधुनिकीकरण, व्यावसायिकरण हुनुका साथै कृषि उत्पादनको लागत घटाई थप प्रतिस्पर्धी बनाउन सकिने सम्भावना रहेको छ।

७. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अर्न्तगत सुदूरपश्चिम प्रदेशका जिल्लामा राम्रो उत्पादन हुने सम्भावनालाई मध्यनजर गरी बिभिन्न बालीहरुका १८ वटा जोन र ३ वटा सुपरजोन, पकेटक्षेत्रका साथै टीकापुरमा केरा, सहजपुरमा सुन्तला, पुर्नवासमा उखु, जोरायलमा बासमति, दार्चुलामा अल्लो, बझाङ र रामारोसनमा मार्सि चामल, डडेल्धुरा र बैतडीमा भटमास खेतीको सम्भावना रहेको।

८. सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रको विकासका लागि सञ्चालन गरीरहेको विभिन्न कार्यक्रम, कृषि अनुसन्धान र शिक्षा कार्यक्रम, कृषि प्राविधिक शिक्षालय आदिको स्थापनाले भविष्यमा प्रादेशिक कृषि उत्पादन अभिवृद्धि हुने सम्भावना रहेको छ।

# परिच्छेद ४: उद्योग क्षेत्र


## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

यस अध्ययन प्रयोजनका लागि सुदूरपश्चिम प्रदेशमा रहेका १२ वटा नमुना उद्योगहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ । जसअन्तर्गत खाने तेल, गहुँको पिठो, चामल, रोजिन एण्ड टर्पेन्टाईन, साबुन, चिनी, ईट्टा, कंक्रिट लगायतका उद्योगहरु दर्ता रहेकोमा हाल छनौटमा रहेको तोरीको तेल उत्पादन गर्ने एउटा उद्योग सञ्चालनमा नरहेको हुँदा सोको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छैन ।

समीक्षा अवधिमा यस प्रदेशको नमुना छनौटमा समेटिएका ११ उद्योगको औसत क्षमता उपयोग ३०.८२ प्रतिशत छ भने गत अवधिको यस्तो क्षमता उपयोग ३५.७९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा तोरीको तेल, चामल, रोजिन  र साबुनको उत्पादन बढेको छ भने गहुँको पिठो, चिनी, ईट्टा र कंक्रिटको उत्पादन घटेको छ । कंक्रिट, ईट्टा जस्ता गैरधातु खनिजजन्य वस्तु उत्पादन गर्ने उद्योगको तुलनात्मक रुपमा बढी क्षमता उपयोग भएको देखिएको छ । गत अवधिको तुलनामा तोरीको तेल, गँहुको पिठो, चिनी र कंक्रिट उत्पादन गर्ने उद्योगको क्षमता उपयोग घटेको छ भने चामल, साबुन र रोजिन उत्पादन गर्ने उद्योगको क्षमता उपयोग बढेको छ । त्यस्तै, ईट्टा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग यथावत रहेको पाईएको छ ।

अध्ययनमा समेटिएका उद्योगहरुमा १ हजार ५४ जनाले प्रत्यक्ष रोजगारीको अवसर पाएका छन जसमा ८९.८५ प्रतिशत पुरुषको रहेका छन भने १०.१५ प्रतिशत महिला रोजगार रहेका छन । नमुना छनौटमा परेका उद्योगहरुमा आवद्ध महिला तथा पुरुषहरु मध्ये १४.३३ प्रतिशत विदेशी नागरीकहरुले समेत रोजगारी पाईरहेका छन् ।

**चार्ट ४.१ : प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग २०८२/८३ (साउन-पुस)**





*स्रोत: अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु ।*

समीक्षा अवधिमा तोरीको तेल, चामल, र साबुनको उत्पादनमा क्रमशः ६७५.१९ प्रतिशत, १७.४६ प्रतिशत, ३.६२ प्रतिशतले वृद्धि भएको छ भने अन्य सबै उद्योगहरुको उत्पादनमा कमी आएको छ । उत्पादन ह्रास हुने उद्योगहरुमध्ये चिनी ६०.११ प्रतिशत, गहुँको पिठो २.३४ प्रतिशत र कंक्रिट ब्लक ३.०३ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा व्यापारिक गतिविधिमा आएको सुस्तता, समग्र मागमा आएको कमी, कच्चा पदार्थको कमी, बढ्दो बजार प्रतिस्पर्धा लगायतका कारणले वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग घटेर उत्पादनमा ह्रास आएको देखिन्छ । त्यसैगरी, सनफलावर तथा भटमास तेलको मूल्य वृद्धिका कारण तोरीको तेलको माग बढ्न गई गत अवधिको तुलनामा उत्पादनमा उल्लेख्य वृद्धि भएको देखिन्छ ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८२ पुस मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह भएको कुल क्षेत्रगत कर्जाको १७.१६ प्रतिशत कर्जा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको छ। मिति २०८२ असार मसान्तसम्म यस्ता कर्जाको अंश १६.९८ प्रतिशत रहेको थियो। २०८२ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा ३.४१ प्रतिशतले बढ्न गई रु.२७ अर्ब ६३ करोड ३५ लाख ५० हजार पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १.३२ प्रतिशतले घटेको थियो। समीक्षा अवधिसम्ममा कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी ४२.५३ प्रतिशत रहेको छ भने खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जाको अंश सबैभन्दा कम ०.४२ प्रतिशत रहेको छ।

**चार्ट ४.२ : औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक।*

२०८२ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.३८ प्रतिशतले वृद्धि भएको छ। औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जामध्ये विद्युत, ग्यास तथा पानी सम्बन्धी कर्जा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ६४.३८ प्रतिशत, कृषि वन तथा पेयपदार्थ उत्पादन सम्बन्धी कर्जा २०.३५ प्रतिशत वृद्धि भएको छ भने खानी सम्बन्धी कर्जामा १२.१८ प्रतिशतले ह्रास आएको छ।

**तालिका ४.१ : २०८२ पुस मसान्तसम्म जिल्लागत औद्योगिक कर्जा प्रवाह**

| जिल्ला | औद्योगिक कर्जा प्रवाह (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| बाजुरा | ११८.३५ | ०.४३ |
| बझाङ | १३५.३५ | ०.४९ |
| दार्चुला | १४६.२३ | ०.५३ |
| बैतडी | १५०.१९ | ०.५४ |
| डडेल्धुरा | ३९७.७० | १.४४ |
| डोटी | २८१.१७ | १.०२ |
| अछाम | १६०.३० | ०.५८ |
| कैलाली | २१,९५१.९० | ७९.४४ |
| कञ्चनपुर | ४,२९२.३६ | १५.५३ |
| **जम्मा** | **२७,६३३.५५** | **१००.००** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७९.४४ प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको अंश सबैभन्दा कम ०.४३ प्रतिशत रहेको छ। यसैगरी, कञ्चनपुर, डडेल्धुरा, डोटी, अछाम, बैतडी, दार्चुला तथा बझाङको अंश क्रमशः १५.५३ प्रतिशत, १.४४ प्रतिशत, १.०२ प्रतिशत, ०.५८ प्रतिशत, ०.५४ प्रतिशत, ०.५३ प्रतिशत र ०.४९ प्रतिशत रहेको छ।

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरुः

१. स्वदेशी उद्योगहरुबाट उत्पादित वस्तुहरुको उत्पादन लागत न्यूनिकरण तथा गुणस्तरमा सुधार गरी उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु।
२. उद्योगधन्दा सञ्चालनका लागि आवश्यक पर्ने दक्ष तथा प्राविधिक जनशक्तिको अभाव, कमजोर औद्योगिक पूर्वाधार, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी, न्यून उत्पादकत्व र कमजोर निर्यात क्षमता आदि चुनौतीको रुपमा रहेका छन।
३. सुदूरपश्चिम प्रदेशमा सञ्चालनमा रहेका अधिकांश उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अवस्थामा उद्योगहरुलाई पूर्णरुपमा सञ्चालन गर्ने वातावरणको सिर्जना गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नु।
४. स्थानीयस्तरमा उपलब्ध प्राकृतिक स्रोत साधनको उचित सदुपयोग गर्न औद्योगिक क्षेत्रमा निजी तथा वैदेशिक लगानी आर्कषित गर्नु।
५. प्रदेशमा व्याप्त गरीबी न्यूनिकरण गर्दै लगानी र बचतलाई उत्पादनमूलक क्षेत्रतर्फ आकर्षित गर्नु।
६. भारतसँगको खुला सीमा नाकाको कारण हुन सक्ने सम्भावित भन्सार छली, अवैध पैठारी जस्ता गतिविधिहरू नियन्त्रण गरी स्थानीय उत्पादन र औद्योगिक गतिविधिहरु प्रवर्द्धन गर्नु।
७. नवप्रर्वतन, खोज, अन्वेषण, अध्ययन, अनुसन्धान र विकासमार्फत् औद्योगिक सम्भावनाको पहिचान गरी उद्यमशिलताको विकास गर्नु।

### सम्भावनाहरुः

१. कैलाली र कञ्चनपुर जिल्लाको उर्वर भूमीको सदुपयोगमार्फत् खाद्यान्न, चिनी, दलहन, तेलहन, दुग्ध पदार्थ र अन्य नगदेबालीजस्ता कृषिमा आधारित उद्योगहरु स्थापना गरी भारतबाट आयात हुने खाद्यान्नलाई नियन्त्रण गर्न सकिने सम्भावना रहेको।
२. महाकाली, पश्चिम सेती, बुढीगंगा, चमेलिया, सुर्नयाजस्ता उच्च जलप्रवाह भएका नदीहरु रहेकोले निजी, सरकारी र वैदेशिक लगानीमार्फत् पर्याप्त विद्युत उत्पादन गरी विद्युत निर्यात गर्न सकिने सम्भावना रहेको।
३. यस प्रदेशका पहाडी र हिमाली जिल्लाहरुमा पाईने विभिन्न प्रकारका बहुमूल्य जडिबुटीहरु यार्सागुम्बा, पाँचऔले, भोजपत्र, टिमुर, गुच्ची च्याउ, सतुवा, अमला, दालचिनी, भुतकेश, दारुहल्दी लगायतका जडिबुटी संकलन केन्द्रको स्थापना तथा आयुर्वेदिक उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना रहेको।
४. यस प्रदेशमा रामारोशन ताल, खप्तड राष्ट्रिय निकुञ्ज, बडिमालिका, अपि नाम्पा संरक्षण क्षेत्र, नेपालकै सबैभन्दा ठुलो घाँसे मैदान शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, घोडाघोडी ताल, उग्रतारा, शैलेश्वरी, निगंलासैनी, ब्रम्हदेव, त्रिपुरा सुन्दरी, बेहडाबाबा लगायतका प्राकृतिक, धार्मिक र सास्कृतिक पर्यटकीय सम्भावना भएका क्षेत्रहरु प्रशस्त रहेकाले पर्यटकीय गन्तव्यहरुको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र क्षेत्रहरुको पहिचान गरी पर्यटन उद्योगलाई प्रोत्साहन गर्न सकिने।
५. युवा उद्यमशीलता विकास तालिममार्फत् दक्ष औद्योगिक जनशक्ति उत्पादनका साथै प्रदेशमा रहेका युवाहरुलाई उद्यम व्यवसायतर्फ प्रेरित गर्न सकिने।
६. वन जंगल र स्थानीयस्तरमा उपलब्ध प्राकृतिक स्रोत साधनको सदुपयोग गरी काठ तथा फर्निचर उद्योग, कागज उद्योग, रोजिन एण्ड टर्पेन्टाईन उद्योग, अल्लो र भाँगोका कपडा उद्योगहरु सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ।

# परिच्छेद ५: सेवा क्षेत्र

यस प्रदेशको आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५२.६६ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यस परिच्छेदमा सुदूरपश्चिम प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, सहकारी लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रहरूमा देखिएका समस्या, चुनौती र सम्भावनाहरू समेटिएका छन् ।

## ५.१ पर्यटन

यस प्रदेशमा सञ्चालनमा रहेका पर्यटकस्तरीय होटलमध्ये १० वटा होटलहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ। समीक्षा अवधिमा नमुनाको रुपमा छनौट गरीएका १० होटलहरुको औसत अकुपेन्सी ४३.०३ प्रतिशत रहेको पाइयो । समीक्षा अवधिमा यी नमुना होटलहरुमा भारतीय पर्यटकहरु ५,४०४ जना, चिनियाँ पर्यटक ५३ जना तथा तेस्रो मुलुकबाट आएका ४७३ जना गरी जम्मा ५,९३० जना बाह्य पर्यटकहरुले यस प्रदेशमा भ्रमण गरेको देखिन्छ । समीक्षा अवधिमा पर्यटकस्तरीय १० नमुना होटलहरुको तथ्याङ्क अनुसार पर्यटकको आवागमनमा गत वर्षको सोही अवधिको तुलनामा ४९.०७ प्रतिशतले वृद्धि भएको देखिन्छ। समीक्षा अवधिमा १८९ जना पुरुष तथा ६९ महिला गरी जम्मा २५८ जनाले यस्ता होटलहरुमा रोजगारी पाएको देखिन्छ। समीक्षा अवधिमा यस्ता होटलहरुमा भारतीय पर्यटकहरुको आगमन संख्यामा उल्लेख्य वृद्धि भएका कारणले औसत अकुपेन्सीमा केही सुधार आएको देखिन्छ।

## ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट

समीक्षा अवधिमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्या ९.५३ प्रतिशतले बढेको छ। गत वर्ष सोही अवधिमा सो संख्या ५.३१ प्रतिशतले घटेको थियो । यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व २.६० प्रतिशतले वृद्धि भई रु.५० करोड १५ लाख संकलन भएको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन ४८.८८ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या ६.२९ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या ४.५४ प्रतिशतले घटेको थियो । सुदूरपश्चिम प्रदेशमा कैलाली र बैतडी जिल्लामा घरजग्गा रजिष्ट्रेशन संख्यामा वृद्धि भएको देखिन्छ। डडेल्धुरा र डोटी जिल्लामा घरजग्गा रजिष्ट्रेशन संख्यामा कुनै परिवर्तन छैन भने अन्य सबै जिल्लाहरुमा यस्तो संख्यामा ह्रास आएको देखिन्छ। समीक्षा अवधिमा कैलाली जिल्लामा सबैभन्दा बढी ५७२ वटा घर/भवन नक्सा पास भएका छन् भने बाजुरा जिल्लामा घर/भवन नक्सा पास भएको छैन ।

## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३३३, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४५४ गरी जम्मा ८४५ शाखा सञ्चालनमा छन्। यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३५१ तथा बाजुरा जिल्लामा सबैभन्दा कम २७ शाखा सञ्चालनमा छन् । गत वर्ष सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३२९, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४७१ गरी जम्मा ८५८ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए ।

**तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाका शाखा संख्या (२०८२ पुस मसान्तसम्म)**


| विवरण | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त विकास बैंक | जम्मा |
|---|---|---|---|---|---|
| बाजुरा | १३ | १ | - | १३ | २७ |
| बझाङ | २१ | १ | - | १९ | ४१ |
| दार्चुला | २२ | २ | - | १२ | ३६ |
| बैतडी | २२ | २ | - | २२ | ४६ |
| डडेलधुरा | २४ | १ | - | २९ | ५४ |
| डोटी | १९ | १ | - | ३१ | ५१ |
| अछाम | १८ | ३ | - | ३५ | ५६ |
| कैलाली | १३२ | ३० | ५ | १८४ | ३५१ |
| कञ्चनपुर | ६२ | ११ | १ | १०९ | १८३ |
| **जम्मा** | **३३३** | **५२** | **६** | **४५४** | **८४५** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.३.१ निक्षेप तथा कर्जा

२०८२ पुस मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप २०८१ पुस मसान्तको तुलनामा २५.३६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८१ अर्ब ५० करोड ८० लाख पुगेको छ । यस्तो निक्षेप २०८२ असार मसान्तको तुलनामा ४.४२ प्रतिशतले बढेको छ ।

**चार्ट ५.१ : निक्षेप तथा कर्जाको अवस्था (रु. अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८२ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सुदूरपश्चिम प्रदेशमा प्रवाह गरेको कुल कर्जा २०८१ पुस मसान्तको तुलनामा ५.०५ प्रतिशतले वृद्धि भएर रु. १ खर्ब ६१ अर्ब ८३ लाख पुगेको छ । यस्तो कर्जा २०८२ असार मसान्तको तुलनामा २.२९ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४८.९३ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.३९ प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा अवधिसम्ममा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८.८३ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.९१ प्रतिशत प्रतिशत रहेको छ ।

तालिका ५.२ : जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (२०८२ पुस मसान्तसम्म)

| जिल्ला | निक्षेप तथा कर्जा (रु.दश लाखमा) | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|
| | निक्षेप | कर्जा | निक्षेप | कर्जा |
| बाजुरा | ४,३३६.५८ | १,४६४.११ | २.३९ | ०.९१ |
| बझाङ | ५,९०८.९१ | २,०६५.९३ | ३.२६ | १.२८ |
| दार्चुला | ७,५२६.१६ | २,३५८.४३ | ४.१५ | १.४६ |
| बैतडी | ८,३०४.१८ | २,०५२.२० | ४.५८ | १.२७ |
| डडेलधुरा | ९,७८४.९६ | ४,९४८.२३ | ५.३९ | ३.०७ |
| डोटी | ७,६४३.५४ | २,८७२.८४ | ४.२१ | १.७८ |
| अछाम | ६,८८१.३२ | २,८१८.१९ | ३.७९ | १.७५ |
| कैलाली | ८८,८१५.५९ | ११०,८१७.४० | ४८.९३ | ६८.८३ |
| कञ्चनपुर | ४२,३०६.८३ | ३१,६११.०० | २३.३१ | १९.६३ |
| **जम्मा** | १८१,५०८.०७ | १६१,००८.३३ | १००.०० | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

## ५.३.२ वित्तीय समावेशीता तथा विविध कर्जा

२०८२ पुस मसान्तसम्म कुल निक्षेप खाताको संख्या २०८१ पुस मसान्तको तुलनामा १२.३० प्रतिशतले बढ्न गई ४२ लाख १६ हजार ७ सय ९ पुगेको छ भने कुल ऋण खाताको संख्या गत पुस मसान्तको तुलनामा ५.६१ प्रतिशतले बढ्न गई १ लाख १० हजार ३६ पुगेको देखिन्छ ।

२०८२ पुस मसान्तसम्म विपन्न वर्गको कर्जा २०८१ पुस मसान्तको तुलनामा ४.२२ प्रतिशतले घट्न गई रु.८ अर्ब १३ करोड ९३ लाख पुगेको छ । यसैगरी, २०८२ पुस मसान्तसम्म सहुलियतपूर्ण कर्जा २०८१ पुस मसान्तको तुलनामा २७.४७ प्रतिशतले घट्न गई रु.२ अर्ब ६१ करोड ८१ लाख पुगेको छ ।

## ५.४ फण्ड ट्रान्सफर (तोडा चलान)

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्ला बाहेक अन्य नोटकोषहरुमा नेपाल राष्ट्र बैंक धनगढी कार्यालयबाट कुल रु.१ अर्ब ९६ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषहरुमा रु.२ अर्ब ९४ करोड फण्ड ट्रान्सफर भएको थियो । समीक्षा अवधिमा यस कार्यालयबाट सबैभन्दा धेरै बझाङ र बैतडी जिल्लामा समान रु.४० करोड फण्ड ट्रान्सफर भएको छ । समग्रमा प्रदेशमा समीक्षा अवधिमा भएको फण्ड ट्रान्सफर रकममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३३.२८ प्रतिशतले कमी आएको छ ।

## ५.५ यातायात

समीक्षा अवधिमा यस प्रदेशमा कुल १२ हजार ४ सय ५५ यातायातका साधन दर्ता भएका छन् जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ९.२७ प्रतिशतले बढी रहेको छ । समीक्षा अवधिमा यस प्रदेशमा जम्मा ९ हजार ४ सय ४९ मोटरसाईकल दर्ता भएका छन् भने अन्य सवारी साधन ३ हजार ६ वटा दर्ता भएका छन् । पछिल्लो समय डडेल्धुरा र डोटी जिल्लास्थित यातायात व्यवस्था कार्यालयहरुमा समेत यातायातका साधनको दर्ता सुरु भएको, चार पाङ्ग्रे तथा विद्युतीय सवारी साधनको बढ्दो प्रयोग लगायतका कारणले सवारी साधनको संख्यामा बृद्धि भएको छ ।

**तालिका ५.३ : समीक्षा अवधिमा थप भएका यातायात साधनको संख्या**

| विवरण | २०८१ पुस मसान्त | २०८२ पुस मसान्त | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **यातायातका साधनको संख्या** | **११,३९८** | **१२,४५५** | ९.२७ |
| मोटरसाईकल | ९,९६८ | ९,४४९ | -५.२१ |
| अन्य | १,४३० | ३,००६ | ११०.२१ |

*स्रोत: यातायात व्यवस्था कार्यालयहरु ।*

सुदूरपश्चिम प्रदेशमा रहेका १० वटा आन्तरिक विमानस्थलमध्ये जम्मा ६ वटा विमानस्थलहरु सञ्चालनमा रहेकोमा बाजुरा विमानस्थलमा नेपालगञ्जबाट उडान भइरहेको तथा धनगढी देखि बझाङ्ग र साँफेबगर उडान तालिका रहेको भएतापनि विविध कारणले उडान तालिका अनुसार उडान हुन सकेको छैन । २०८२ साउन-पुससम्मको अवधिमा धनगढी विमानस्थलबाट कुल २,४०६ उडान भएका छन जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ४.६० प्रतिशतले कम हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा उक्त विमानस्थलहरुबाट उडान भर्ने यात्रुको संख्यामा भने १.६६ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ५.४ : हवाई सेवा**

| विवरण | आ.व. २०८१/८२ (पुस मसान्तसम्म) | आ.व. २०८२/८३ (पुस मसान्तसम्म) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **हवाई जहाजको उडान संख्या** | **२,५२२** | **२,४०६** | **-४.६०** |
| आगमन संख्या | १,२६१ | १,२०३ | -४.६० |
| निर्गमन संख्या | १,२६१ | १,२०३ | -४.६० |
| **जम्मा यात्रु संख्या** | **१,४५,८८७** | **१,४८,३०३** | **१.६६** |
| आगमन यात्रु संख्या | ७४,७५९ | ७५,१३७ | ०.५१ |
| निर्गमन यात्रु संख्या | ७१,१२८ | ७३,१६६ | २.८७ |

*स्रोत: नागरीक उड्डयन कार्यालय, धनगढी ।*

## ५.६ सेवा क्षेत्र कर्जा

२०८२ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा २.६३ प्रतिशतले बढेर रु.१ खर्ब १७ करोड ७३ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ०.८३ प्रतिशतले बढेको थियो । कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ७३.१२ प्रतिशत रहेको छ । समीक्षा अवधिसम्म प्रवाहित कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेतासम्बन्धी व्यवसायमा ४०.०२ प्रतिशत, उपभोग्य कर्जामा ३४.२२ प्रतिशत, अन्य व्यवसायमा प्रवाहित कर्जा ९.०९ प्रतिशत, शिक्षामा ५.०५ प्रतिशत, पर्यटनमा २.८३ प्रतिशत, रियल स्टेटमा २.७५ प्रतिशत, अन्य सेवामा १.८० प्रतिशत, यातायात भण्डारण र संचारमा १.७५ प्रतिशत, स्वास्थ्य र अन्य सामाजिक कार्यमा १.४८ प्रतिशत, र वित्त, बीमा तथा अचल सम्पतिमा १.०१ प्रतिशत अंश रहेको छ ।

२०८२ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ६६.४३ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश २०.५९ प्रतिशत, डडेल्धुरा, अछाम, डोटी, दार्चुला, बझाङ, बैतडी, तथा बाजुरा जिल्लाको अंश क्रमशः ३.४३ प्रतिशत, २.०७ प्रतिशत, २.०२ प्रतिशत, १.६४ प्रतिशत, १.४१ प्रतिशत, १.४० प्रतिशत र १.०२ प्रतिशत रहेको छ ।

**तालिका ५.५: सेवा क्षेत्रमा कर्जा प्रवाहको अवस्था (२०८२ पुस मसान्तसम्म)**

| जिल्ला | सेवा क्षेत्र कर्जा (रु. अर्बमा) | सेवा क्षेत्र कर्जा (प्रतिशतमा) |
|---|---|---|
| बाजुरा | १.२० | १.०२ |
| बझाङ्ग | १.६६ | १.४१ |
| दार्चुला | १.९३ | १.६४ |
| बैतडी | १.६५ | १.४० |
| डडेल्धुरा | ४.०४ | ३.४३ |
| डोटी | २.३८ | २.०२ |
| अछाम | २.४४ | २.०७ |
| कैलाली | ७८.२० | ६६.४३ |
| कञ्चनपुर | २४.२४ | २०.५९ |
| **जम्मा** | ११७.७३ | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.७ सहकारी

यस प्रदेशमा रहेका सहकारीहरुमध्ये नमुनाको रुपमा छनौट गरीएका १० वटा सहकारीहरुको विस्तृत रुपमा अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाईयो ।

**तालिका ५.६ : नमुना छनौट गरीएका सहकारीहरुको वित्तीय स्थिति**

| विवरण | आ.व.२०८०/८१ (साउन-पुस) | आ.व.२०८१/८२ (साउन-पुस) | आ.व.२०८२/८३ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु. दश लाखमा) | ९४३.८१ | १,०५१.३५ | १,१४३.३४ | ११.४० | ८.७५ |
| कुल बचत (रु. दश लाखमा) | ५,२४८.९८ | ५,७६६.४२ | ६,२४८.१४ | ९.८६ | ८.३५ |
| कुल ऋण (रु. दश लाखमा) | ४,६०५.७३ | ४,८७०.७४ | ५,०८८.४३ | ५.७५ | ४.४७ |
| सदस्य संख्या | ४८,८५९ | ५२,५७१ | ५८,३२० | ७.६० | १०.९४ |
| कर्मचारी संख्या | १७८ | १८५ | १९० | ३.९३ | २.७० |

*स्रोत : जिल्लास्थित नमुना छनोट गरीएका सहकारीहरु ।*

समीक्षा अवधिमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुले संकलन गरेको कुल पुँजी गत वर्षको सोही अवधिको तुलनामा ८.७५ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १४ करोड ३३ लाख पुगेको छ। गत वर्षको समीक्षा अवधिमा यस्तो पुँजी ११.४० प्रतिशतले वृद्धि भई रु.१ अर्ब ५ करोड १३ लाख पुगेको थियो। यसैगरी, कुल बचत गत वर्षको समीक्षा अवधिको तुलनामा ८.३५ प्रतिशतले बढ्न गई रु.६ अर्ब २४ करोड ८१ लाख पुगेको छ । गत वर्षको समीक्षा अवधिमा यस्तो बचत ९.८६ प्रतिशतले बढ्न गई रु.५ अर्ब ७६ करोड ६४ लाख पुगेको थियो । यसैगरी समीक्षा अवधिमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कुल ऋण गत वर्षको समीक्षा अवधिको तुलनामा ४.४७ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ८ करोड ८४ लाख पुगेको छ। गत वर्ष सोही अवधिमा यस्तो ऋण ५.७५ प्रतिशतले वृद्धि भई ४ अर्ब ८७ करोड ७ लाख पुगेको थियो ।

समीक्षा अवधिमा छनौट गरीएका सहकारी संस्थाका सदस्यहरुको संख्या १०.९४ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कर्मचारीको संख्या २.७० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तमा

सदस्य संख्या ७.६० प्रतिशतले वृद्धि भएको थियो भने कर्मचारी संख्या ३.९३ प्रतिशतले बढेको थियो ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरु:

१. सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत् आन्तरिक एवं बाहृय पर्यटकको लागि आकर्षक गन्तव्य स्थलहरुको पहिचान तथा विकास गर्नु ।
२. पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको प्रवर्द्धन तथा विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि तथा खर्चमा अभिवृद्धि गर्नु ।
३. पछिल्लो समयमा यस प्रदेशबाट उच्च शिक्षाको लागि विदेश तथा अन्य प्रदेशमा जाने लहर बढ्दै गएको अवस्थामा विश्वविद्यालय, क्याम्पस र विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै प्रदेशमै आधुनिक प्रविधिमार्फत् गुणस्तरीय शिक्षा प्रदान गरी शिक्षाको लागत घटाउने कार्य चुनौतीपूर्ण रहेको ।
४. सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत् स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्नु ।
५. भौगोलिक विकटता तथा आवश्यक भौतिक पूर्वाधारको विकासको अभावका कारण प्रदेशमा रहेका पहाडी जिल्लाहरुमा बैंक तथा वित्तीय संस्थाहरुको पहुँच न्यून रहेको, निक्षेप संकलन तथा कर्जा विस्तार समेत न्यून रहेको अवस्थामा बैंकिङ सेवालाई थप समावेशी बनाउदै वित्तीय साक्षरता बढाउने कार्य चुनौतीपूर्ण रहेको छ ।


### सम्भावनाहरु:

१. निक्षेप संकलन तथा जनसंख्याको अनुपातमा कर्जा लगानी थोरै मात्र रहेकाले कर्जा विस्तार गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।
२. कैलालीको गेटा मेडिकल कलेजलाई सहिद दशरथचन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको प्रारुपमा सञ्चालन गर्ने सरकारको निर्णयसँगै गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार भई रोजगारी सिर्जना हुने ।
३. सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरी लगायतका धार्मिक क्षेत्रहरुमा पर्यटकीय पूर्वाधार विकास गरी धार्मिक पर्यटन हबको रूपमा प्रवर्द्धन गर्न सकिने ।
४. प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाहृय पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।
५. सबै स्थानीय तहहरुमा बैंक तथा वित्तीय संस्थाहरुको पहुँच विस्तारले बचत तथा कर्जा प्रवाहमा वृद्धि भई उद्यमशीलता, स्वरोजगारी तथा आयआर्जनका क्रियाकलापमा बढोत्तरी हुने सम्भावना रहेको ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ प्रदेशका ठुला परियोजनाहरुको स्थिति

### (क) रानीजमरा कुलरिया सिँचाई आयोजना



सुदूरपश्चिम प्रदेशस्थित राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाई आयोजनाको कुल लागत २७.७० अर्ब अनुमान गरी आर्थिक वर्ष २०६६/६७ बाट निर्माण कार्य सुरु भई २०८०/८१ मा परियोजना सम्पन्न गर्ने लक्ष्य रहेको थियो । हाल आयोजनाको लागत संशोधन गरी २९.५९ अर्ब भएको तथा आर्थिक वर्ष २०८५/८६ मा परियोजना सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस सिँचाइ आयोजनाको २०८२ पुस मसान्तसम्मको (संशोधित लागतमा) भौतिक प्रगति ७४.८५ प्रतिशत र वित्तीय प्रगति ७१.४७ प्रतिशत रहेको छ।

आयोजनाको निर्माण कार्य सम्पन्न भएपश्चात् करिब १४ हजार ३ सय हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध हुनेछ भने यसबाट करिब २३ हजार ६ सय २२ घरधुरीका १ लाख ४२ हजार ३ सय ६६ जनसंख्या प्रत्यक्ष लाभान्वित हुने छन्। यसका अलावा पूर्व पश्चिम राजमार्गको समानान्तर पश्चिमतर्फ लम्की सिँचाई शाखा नहरबाट पथरैया नदीसम्मको थप करिब ६ हजार हेक्टरमा र दिर्घकालमा काद्रा नदीसम्मको थप १८ हजार हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा विस्तार गर्ने लक्ष्य लिइएको छ। समग्र सिञ्चित क्षेत्र ३८ हजार ३ सय हेक्टर रहने भएपनि हाल नेपाल सरकारबाट स्वीकृत गुरुयोजना अनुसार २० हजार ३ सय हेक्टर क्षेत्रफलको सिँचाई योजना निर्माण आर्थिक वर्ष २०८०/८१ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएकोमा २०८२ पुस मसान्तसम्म ११ हजार ८ सय हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा विस्तार भएको छ। नहरमा निर्मित ४.७१ मेगावाटको हाइड्रोपावर परियोजनाबाट २०८० माघबाट बिजुली उत्पादन समेत सुरु भएको छ। लम्की विस्तार अन्तर्गत १४.६५ कि.मि. मूल नहर तथा संरचनाहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। उक्त आयोजनामा हाल ७५ जना पुरुष तथा १३ जना महिला गरी जम्मा ८८ जनाले रोजगारी पाएका छन्।

### (ख) महाकाली सिँचाई आयोजना



कञ्चनपुर जिल्लामा अवस्थित महाकाली सिँचाई आयोजना नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०८/३० को निर्णय बमोजिम राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति भएको हो । यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ। सन् १९९६ मा नेपाल र भारत बिच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्यूसेक र गर्मी याममा १,००० क्यूसेक पानी पाउने व्यवस्था रहेको छ।

यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो रुपमा सिँचाई सुविधा उपलब्ध गराई कृषकको आय आर्जनमा वृद्धि गरी लगभग १,३५,००० नागरीकको जीवनस्तर सुधार गर्ने अपेक्षा राखिएको छ। वि.सं. २०८७/८८ मा सम्पन्न हुने लक्ष्य लिइएको उक्त आयोजनाको अनुमानित कुल लागत

३५ अर्ब रहेको छ । समीक्षा अवधिसम्म १,२०० हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा उपलब्ध भएको छ । हाल तेस्रो चरणको निर्माण कार्यहरु भईरहेको छ र हालसम्म ३० किलोमिटर मूल नहर र १२ कि.मि.शाखा नहर निर्माण कार्य भएको छ। महाकाली सिँचाई आयोजनाको कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम २०८२ पुस मसान्तसम्म उक्त आयोजनाको भौतिक प्रगति ४० प्रतिशत र वित्तीय प्रगति पनि ३५ प्रतिशत रहेको छ । आयोजनाद्धारा नहर तथा नहर संरचना निर्माणका लागि खरिद सम्झौता भएका ठेक्काहरुमा रोजगारीका अवसरहरु सिर्जना भएका छन् ।

### (ग) महाकाली पुल आयोजना



महाकाली नदीमा २३.८ मि. चौडाई भएको चार लेनको ८०० मि.लामो पुल निर्माण गर्ने मुख्य लक्ष्य रहेको यस आयोजनको कुल लागत रु.३.७७ अर्ब रहेको छ । त्यसैगरी ४ लेन र २ सर्भिस लेनको पक्की RCC नाली सहित ७.८ कि.मि. पहुँच सडक, पहुँच सडकमा पर्ने पुल, नदि नियन्त्रण कार्य र पुलको दायाँ र बायाँ दुबै तर्फ ५.६ कि.मि. तटबन्ध निर्माण गरी Landscapingand Pond Development गर्ने समेत आयोजनाको लक्ष्य रहेको छ । यस आयोजनाको निर्माण कार्य २०७४ साल भाद्र ७ गतेबाट सुरु भएको हो भने २०८१ कात्तिक २२ भित्र सम्पन्न गर्ने लक्ष्य लिईएकोमा हाल आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । २०८२ पुस मसान्तसम्म पुल योजनाको समग्र कार्यमा ९५ प्रतिशत प्रगति भएको छ जसमा वित्तीय प्रगति ९२.५ प्रतिशत रहेको छ । यस परियोजनाको सहायक परियोजनाहरुमा राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा पुल निर्माण कार्य र स्थानीय सडक पुल निर्माण कार्य रहेका छन् ।

## ६.२ ऊर्जामा पहुँच

२०८१ फागुनसम्ममा राष्ट्रियरुपमा विद्युतको पहुँच (वैकल्पिक ऊर्जा समेत) पुगेको जनसंख्या ९९ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा यस्तो जनसंख्या ८६.६ प्रतिशत रहेको छ । त्यसैगरी, सोही अवधिसम्ममा कुल राष्ट्रिय विद्युत उत्पादन ३ हजार ६ सय २ मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशमा १६७ मेगावाट[1] विद्युत उत्पादन भएको छ । प्रदेशमा बुढीगंगा, पञ्चेश्वर, सेती र अपर चमेलिया जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन भएको छ । दार्चुला स्थित ६.९७ मेगावाट क्षमताको नौगाड जलविद्युत आयोजना र बैतडी जिल्लास्थित ७.७१ मेगावाट क्षमताको अपर सुर्नयागाड जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययन कार्य भइरहेको छ ।

## ६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति

सुदूरपश्चिम प्रदेश सरकारबाट प्रदेश गौरवका सडक आयोजनाको रुपमा सबै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी निर्माण कार्य भइरहेको छ । यसबाट सुदूरपश्चिम प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार

[1] *आर्थिक सर्वेक्षण २०८१/८२ सुदुरपश्चिम प्रदेश*

निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडि परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ ।

**तालिका ६.१: प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण**

| क्र.सं. | जिल्ला | आयोजनाको नाम | २०८२ असार मसान्तसम्मको प्रगती |
|---|---|---|---|
| १. | बाजुरा | खप्तड-मार्तडी सडक (सिङ्गडा-जय बागेश्वरी गैरीखाँद डोगडी आटीचौर-मार्तडी सडक) | जम्मा ७० कि.मि. सडकमध्ये हाल यो सडक खण्ड अन्तर्गत ४२ कि.मि. सडक संरचना तयार भएको र ७.५ कि.मि. upgrading को कार्य भइरहेको । |
| २. | बैतडी | सतबाज-श्रीभावर-हाट-दार्चुला सडक | जम्मा १०० कि.मि. सडकमध्ये ४५ कि.मि. को DPR तयार भई ७३ कि.मि कच्ची सडक निर्माण भएको । |
| ३. | अछाम | चिसापानी-ऋषिदह-वडिमालिका सडक | जम्मा १५०कि.मि मध्ये ५८ कि.मि. कच्ची सडक निर्माण सम्पन्न भएको । |
| ४. | डडेल्धुरा | दैजी-पोखरा-ढुङ्गाड-बझाङ सडक | पोखरा (बेलापुर सडक खण्ड १८ कि.मि. गाईबादे लिप्ना सडक खण्ड १२ कि.मि. सलोन चिर्किट्टे सडक खण्ड ४५ कि.मि. गरी जम्मा ७५ कि.मि. सडक मध्ये ३० कि.मि. सडक को ठेक्का सम्झौता भई निर्माणाधीन रहेको र जोगबुढा लिप्ना सडक खण्ड ५ कि.मि. निर्माण सम्पन्न भएको । |
| ५. | दार्चुला | खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी सडक | जम्मा ७५ कि.मि. सडक मध्ये ३२ कि.मि. निर्माणको ठेक्का सम्झौता भई हाल ८.५ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न भएको । |
| ६. | बझाङ | दिपायल-साईपाल सडक | जम्मा १०० कि.मि. सडक मध्ये विस्तृत ईन्जिनीयरिङ्ग अध्ययन भएको २८.५ कि.मि. मध्ये १२ कि.मि. ग्राभेल सडकको निर्माण कार्य सम्पन्नको चरणमा रहेको । |
| ७. | डोटी | सहजपुर-बोक्टान-दिपायल सडक | जम्मा ८० कि.मि मध्ये ७८ कि.मि सडकको DPR तयार भई कच्ची सडक निर्माण सम्पन्न भएको तथा नयाँ ठेक्का सम्झौता अनुरुप २० कि.मि. सडक Intermediate Lane मा कालोपत्रे निर्माण भएको । |
| ८. | कञ्चनपुर | बेलौरी-कलुवापुर-नाइल-बुडर | जम्मा ७० कि.मि. मध्ये १२ कि.मि. कच्ची सडक र २१.०३५ कि.मि. कालोपत्रे सम्पन्न भएको । |
| ९. | कैलाली | भजनी-छोटी भन्सार खेमडी ठुलीगाड सडक | जम्मा ७० कि.मि. सडकमध्ये ३४.८ कि.मि.को DPR तयार भई ७ कि.मि कच्ची सडक र २२ कि.मि. कालोपत्रे सडक निर्माण भएको । |

*स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।*

सुदूरपश्चिम प्रदेशको समग्र विकास जस्तैः आर्थिक तथा पूर्वाधार विकास, शिक्षा र स्वास्थ्य, पयर्टन प्रर्वद्धन, सामाजिक एकता र समृद्धि, कृषि र ग्रामीण विकास र रोजगारी सिर्जना आदिका लागि प्रदेश गौरवका आयोजनाहरु अत्यन्तै महत्वपूर्ण रहेका छन् । यी आयोजनाहरुले गति लिन सकेमा यस क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक प्रगतिमा ठुलो योगदान हासिल गर्न सकिने सम्भावना रहेको छ ।

## ६.४ रोजगारी

### (क) वैदेशिक रोजगारी :

आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्ममा यस प्रदेशबाट २३ हजार ९ सय १९ जना पुरुष तथा २ हजार ४ सय २४ जना महिला गरी जम्मा २६ हजार ३ सय ४३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको

देखिन्छ । जुन समग्र देशभरिबाट समीक्षा अवधिमा श्रम स्वीकृति लिने संख्याको झण्डै १५.१३ प्रतिशत हुन आँउछ ।

### (ख) आन्तरिक रोजगारी :

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ को प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशमा औषत बेरोजगारी दर समग्र नेपालको भन्दा ०.१ प्रतिशतले बढी रहेको छ । सबैभन्दा बढी बेरोजगार दर मधेश प्रदेशमा २०.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम ७.० प्रतिशत बागमती प्रदेशमा रहेको छ। सुदूरपश्चिम प्रदेशको बेरोजगारी दर ११.५ प्रतिशत रहेको छ । प्रादेशिक तुलनामा प्रति जनसंख्या रोजगारी दर सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम २४.१ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म यस प्रदेशका स्थानीय तहहरु मध्ये ७७ स्थानीय तहहरुले प्रधानमन्त्री रोजगार कार्यक्रमको संघिय प्रणालीमा १ हजार ३४ आयोजना प्रविष्टि गरेका थिए। छनौटमा परेका आयोजनाहरुमा प्रदेशका ४४५ जना रोजगारीमा संलग्न भई श्रम बापत भुक्तानी प्राप्त गरेका थिए। कार्यक्रमबाट सिर्जित रोजगारीमा खटिएका व्यक्तिको औषत रोजगारी दिन ६८ रहेको छ ।


आर्थिक वर्ष २०८१ को चैत्र मसान्तसम्म सुदूरपश्चिम प्रदेश स्वरोजगार उन्मुख व्यावसायिक र सिपमुलक तालिमबाट २७ जना महिला र ९६ जना पुरुष गरी जम्मा ११३ जना लाभान्वित भएका छन् ।

**तालिका ६.२ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था**

| | स्थानीय तहको संख्या | आयोजना प्रविष्ट गरेका स्थानीय तहको संख्या | आयोजना संख्या | रोजगारीमा संलग्न भई भुक्तानी प्राप्त व्यक्तिको संख्या | जम्मा रोजगारी दिन | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम | ८८ | ७७ | १,०३४ | ४४५ | ३०,२१५ | ६८ |

*स्रोत: आर्थिक सर्वेक्षण २०८१/८२ आर्थिक मामिला मन्त्रालय, सुदुरपश्चिम प्रदेश ।*

**चार्ट ६.१ : आ.व. २०८१/८२ का लागि सूचीकृत बेरोजगारको प्रदेशगत विवरण**




*स्रोत: आर्थिक सर्वेक्षण २०८१/८२*

## ६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरुः

१. प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्न आवश्यक समन्वय तथा स्रोत साधनको व्यवस्थापन गर्नु ।
२. भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु । प्राकृतिक प्रकोप (बाढी, पहिरो) को कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्चमा उल्लेख्य वृद्धि हुनु ।
३. सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला तह तथा निकायहरुबीच आपसी समन्वयको विकास गरी निर्माण कार्य व्यवस्थित गर्नु ।
४. यस प्रदेशबाट भारत लगायत वैदेशिक रोजगारीमा जानेको संख्या प्रत्येक वर्ष उच्च दरमा वृद्धि हुँदै गईरहेको परिप्रेक्ष्यमा प्रदेश भित्रै पर्याप्त रोजगारी सिर्जना गरी युवा जनशक्ति तथा कामदारहरुको विदेशिने प्रवृति न्यूनीकरण गर्नु ।
५. पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थापनलाई आधुनिकीकरण गर्दै समानुपातिक तथा समावेशी रुपमा विकास निर्माणका कार्य अगाडि बढाउनु ।
६. यस प्रदेशका अधिकांश उद्योगहरु भारतीय दक्ष कामदार तथा आयातीत कच्चा पदार्थमा निर्भर रहेकोले स्वदेशी कामदारको दक्षता अभिवृद्धि गरी स्थानीय कच्चा पदार्थको प्रवर्द्धन तथा सुपथ मुल्यमा कच्चा पदार्थ आयात गर्न सकिने व्यवस्था गरी भारतीय कामदारलाई विस्थापित गर्नु ।

### सम्भावनाहरुः


१. राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने ।
२. निर्माण क्षेत्रमा दक्ष जनशक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसियन, प्लम्बर, पेन्टर, कारपेन्टर आदि लगायत अन्य श्रमिक मजदुरहरू अधिकांश भारतीय छन् । बजारको मागको आधारमा थप दक्ष, सीपयुक्त जनशक्ति तयार गर्न तिनै तहको समन्वयमा आवश्यक सिप विकास तथा तालिम कार्यक्रम नियमित रुपमा सञ्चालन गर्न सकेमा बजारमा दक्ष जनशक्तिको आपूर्ति गर्न सकिने सम्भावना रहेको ।
३. वैदेशिक रोजगारीमा रहेका तथा विदेशबाट फर्केका कामदारहरुले सिकेको सिप तथा प्राप्त पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गराउन आवश्यक सहुलियत तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्न सकेमा प्रदेश भित्रै पर्याप्त रोजगारी सिर्जना गरी आर्थिक गतिविधि बढाउने तथा युवाहरुको विदेशिने प्रवृत्तिमा रोक लगाई आत्मनिर्भरता बढाउन सकिने ।
४. कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यावसायिकरण गर्दै कृषि पेशालाई सम्मानित, मर्यादित र प्रतिष्ठित बनाई कृषि क्षेत्रमा युवालाई आकर्षित गर्न आवश्यक स्रोत साधनको सहज व्यवस्थापन, तालिम तथा सिप विकास गरी थप रोजगारीका अवसरहरू सिर्जना गर्नुका साथै, कृषि उत्पादन बढाई आत्मनिर्भरता बढाउन सकिने ।
५. यस प्रदेशलाई धार्मिक पर्यटनको हबको रुपमा विकास गर्न सकेमा पर्यटक गाईड, यातायात व्यवसायी, होटल रेस्टुराँ सञ्चालन तथा अन्य व्यापार व्यवसायको रुपमा रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने ।
६. सुदूरपश्चिम प्रदेशमा विद्युत उत्पादनका आयोजनाहरुमा लगानी आकर्षित गर्न प्रदेश तथा नेपाल सरकारबाट लगानीको वातावरण सिर्जना गर्न वैदेशिक तथा निजी क्षेत्रका लगानीकर्तालाई सहुलियत, अनुदान तथा प्रक्रियागत सहजीकरण गर्दै नीतिगत स्थायित्व कायम गर्न सकेमा विद्युत उत्पादन बढ्ने तथा प्रदेशमै रोजगारीका अवसर सिर्जना हुने ।

# परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति

आ.व. २०८२/८३ का लागि सुदूरपश्चिम प्रदेश सरकारले कुल रु.३३ अर्ब ४७ करोड ६० लाख बजेट विनियोजन गरेकोमा समीक्षा अवधिमा रु.३ अर्ब ६६ करोड खर्च भएको छ जुन कुल विनियोजनको १०.९४ प्रतिशत हो । आ.व. २०८१/८२ को सोही अवधिमा विनियोजन भएको बजेटको १४.८२ प्रतिशत खर्च भएको थियो ।

**चार्ट ७.१ : कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था (रु.अर्बमा)**




स्रोत : *आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।*

आर्थिक वर्ष २०८२/८३ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१० अर्ब २१ करोड मध्ये समीक्षा अवधिसम्ममा रु.२ अर्ब ६५ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको २५.९५ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च २१.९० प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु.१९ अर्ब ८३ करोडमध्ये रु.१ अर्ब १ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ५.०४ प्रतिशत हो । गत वर्षको सोही अवधिमा समेत यस्तो खर्च ९.९७ प्रतिशत रहेको थियो ।

सुदूरपश्चिम सरकारले आ.व. २०८२/८३ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँड गरी कुल रु.१९ अर्ब २६ करोड राजस्व अनुमान गरेकोमा कुल रु. ८ अर्ब ३६ करोड राजस्व परिचालन गरेको छ जुन कुल राजस्व अनुमानको ४३.४१ प्रतिशत हो । आ.व. ०८२/८३ मा सुदूरपश्चिम सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब २१ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा समीक्षा अवधिसम्म कुल रु.२ अर्ब ३६ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदान र विशेष अनुदानको अंश क्रमश: ९४.५३ प्रतिशत र ५.४७ प्रतिशत रहेको छ ।

**तालिका ७.१: सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण**

| शीर्षक | आ.व. २०८१/८२ (साउन-पुस) | | आ.व. २०८२/८३ (साउन-पुस) | | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यर्थाथ | बजेट | यर्थाथ | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) |
| कुल बजेट विनियोजन (अर्बमा) | ३१.६२ | ४.६८ | ३३.४८ | ३.६६ | १४.८२ | १०.९४ |
| चालु खर्च (अर्बमा) | १२.८५ | २.८१ | १०.२१ | २.६५ | २१.९० | २५.९५ |
| पूँजीगत खर्च (अर्बमा) | १८.७६ | १.८७ | १९.८३ | १.०१ | ९.९७ | ५.०४ |
| कुल राजश्व* (अर्बमा) | १७.७९ | ९.०९ | १९.२६ | ८.३६ | ५१.१२ | ४३.४१ |
| अनुदान (अर्बमा) | १३.८३ | ६.२७ | १४.२१ | २.३६ | ४५.३५ | १६.६२ |

**राजस्व बाँडफाँट, आन्तरिक आय परिचालन र रोयल्टी आम्दानी गरी जम्मा ।*

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।*

## ७.२ स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

आर्थिक वर्ष २०८२/८३ को अर्ध-वार्षिक अध्ययन प्रतिवेदनमा सुदूरपश्चिम प्रदेशमा रहेका ८८ वटा स्थानीय तहहरुमध्ये जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका ५ वटा स्थानीय तहहरु छनौट गरी अध्ययन गरिएको छ। छनौटमा परेका ५ वटा स्थानीय तहहरुमा विनियोजित बजेटको हिस्सा सुदूरपश्चिम प्रदेशमा विनियोजन भएको बजेटको करिब २०.१० प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा छनौटमा परेका स्थानीय तहहरुमा कुल ६ अर्ब ७३ करोड बजेट विनियोजन भएकोमा २०८२ पुस मसान्तसम्ममा १ अर्ब ७४ करोड खर्च भएको छ जुन कुल विनियोजित बजेटको २५.८५ प्रतिशत हुन आउँछ। यस्तो बजेट गत आर्थिक वर्षमा ५ अर्ब ४७ करोड विनियोजन भएको थियो भने गत वर्ष अर्धवार्षिक रुपमा १ अर्ब ३३ करोड खर्च भएको थियो । जुन कुल विनियोजित बजेटको २४.३२ प्रतिशत हुन आँउछ ।

**तालिका ७.२ : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा)**

| स्थानीय निकाय | आ.व.२०८१/८२ (साउन-पुस) | | आ.व.२०८२/८३ (साउन-पुस) | | प्रगति (प्रतिशत) (साउन-पुस) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०८१/८२ | २०८२/८३ |
| धनगढी उपमहानगरपालिका | २.१८ | ०.३९ | २.५६ | ०.५१ | १७.८९ | १९.९२ |
| दोधारा चाँदनी नगरपालिका | ०.५७ | ०.१८ | ०.५७ | ०.२५ | ३१.५८ | ४३.८६ |
| टीकापुर नगरपालिका | ०.९९ | ०.२३ | ०.९९ | ०.२२ | २३.२३ | २२.२२ |
| लम्कीचुहा नगरपालिका | १.११ | ०.३० | १.२१ | ०.३५ | २७.०३ | २८.९२ |
| भिमदत्त नगरपालिका | ०.६२ | ०.२३ | १.४१ | ०.४२ | ३७.०९ | २९.७८ |
| **जम्मा** | **५.४७** | **१.३३** | **६.७३** | **१.७४** | **२४.३२** | **२५.८५** |

*स्रोतः सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

समीक्षा अवधिमा छनौटमा परेका स्थानीय तहहरुको बजेट विनियोजन प्राथमिकतामा परेका शीर्षकहरु जस्तै भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन आदिको कार्यान्वयनको अवस्था हेर्दा धनगढी उप-महानगरपालिकाले भौतिक पूर्वाधार कृषि, उद्योग र पर्यटनमा विनियोजित बजेटको क्रमशः १२.३२, २३.७९, १६.९४ र ६.३९ प्रतिशत खर्च गरेको छ। त्यसैगरी दोधारा चाँदनी नगरपालिकाले विनियोजित बजेटको ८.८३, ९.१३, १८.०२ र ५०.३१ प्रतिशत क्रमशः भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटनमा खर्च गरेको छ। लम्कीचुहा नगरपालिकाले भौतिक पूर्वाधारमा १५.९६ र कृषि क्षेत्रमा १३.८१ प्रतिशत, भिमदत्त नगरपालिकाले भौतिक पुर्वाधारमा विनियोजित बजेटको ७.२३ र उद्योग क्षेत्रमा १०.६० प्रतिशत खर्च गरेका छन् भने अन्य क्षेत्रमा विनियोजन गरेको बजेटको कार्यान्वयन अवस्थाको विवरण उपलब्ध गराएका छैनन्। टीकापुर नगरपालिकाले कुनैपनि क्षेत्रमा विनियोजित गरेको बजेटको कार्यान्वयन अवस्थाको विवरण उपलब्ध गराएको छैन ।

समग्रमा हेर्दा समीक्षा अवधिमा भौतिक पूर्वाधारमा सबैभन्दा बढी लम्कीचुहा नगरपालिकाले विनियोजित बजेटको १५.९६ प्रतिशत खर्च गरेको छ भने सबैभन्दा कम भौतिक पूर्वाधारमा भिमदत्त नगरपालिकाले ७.२३ प्रतिशत खर्च गरेको छ । त्यसैगरी कृषि क्षेत्रमा सबैभन्दा बढी धनगढी उप-महानगरपालिकाले विनियोजित बजेटको २३.७९ प्रतिशत खर्च गरेको छ भने सबैभन्दा कम दोधारा चाँदनी नगरपालिकाले ९.१३ प्रतिशत खर्च गरेको छ। उद्योग र पर्यटन क्षेत्रमा क्षेत्रमा सबैभन्दा बढी दोधारा चाँदनी नगरपालिकाले विनियोजित बजेटको क्रमशः १८.०२ र ५०.३१ प्रतिशत खर्च गरेको छ। उद्योग क्षेत्रमा सबैभन्दा कम भिमदत्त नगरपालिकाले १०.६० प्रतिशत खर्च गरेको छ भने पर्यटन क्षेत्रमा सबैभन्दा कम धनगढी उप-महानगरपालिकाले विनियोजित बजेटको ६.३९ प्रतिशत खर्च गरेको देखिन्छ ।


**तालिका ७.३ : आ.व.२०८२/८३ (साउन-पुस) मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा)**

| स्थानीय निकाय | भौतिक पूर्वाधार | कृषि | उद्योग | पर्यटन |
|---|---|---|---|---|
| धनगढी उपमहानगरपालिका | १२.३२ | २३.७९ | १६.९४ | ६.३९ |
| दोधारा चाँदनी नगरपालिका | ८.८३ | ९.१३ | १८.०२ | ५०.३१ |
| टिकापुर नगरपालिका | - | - | - | - |
| लम्कीचुहा नगरपालिका | १५.९६ | १३.८१ | - | - |
| भिमदत्त नगरपालिका | ७.२३ | - | १०.६० | - |

*स्रोतः सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

समीक्षा अवधिमा छनौटमा परेका स्थानीय तहहरुको बजेट विनियोजन प्राथमिकतामा परेका शीर्षकहरु जस्तै भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन आदिको कार्यान्वयन अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

**चार्ट ७.२ : आ.व. २०८२/८३ मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा)**




*स्रोतः सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

छनौटमा परेका स्थानीय तहहरुमध्ये धनगढी उपमहानगरपालिका, दोधारा चाँदनी नगरपालिका, लम्कीचुहा नगरपालिका र भिमदत्त नगरपालिकाको प्राथमिकता भौतिक पूर्वाधार क्षेत्रमा रहेको छ भने टीकापुर नगरपालिकाले बजेट विनियोजिनको प्राथमिकता सम्बन्धी विवरण उपलब्ध गराएको छैन ।

# परिच्छेद ८: आर्थिक परिदृष्य

यस परिच्छेदमा सुदूरपश्चिम प्रदेशमा कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरुसँग गरिएको प्रश्नावली, सर्वेक्षण छलफल तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०८२/८३ को बाँकी अवधिको लागि कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि क्षेत्र

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, प्रदेश सरकारबाट स्थानीय तह विशेष पकेट क्षेत्र, जलवायुमैत्री कृषि गाँउ स्थापना, प्राङ्गारिक कृषि प्रवर्द्धन, विभिन्न बाली प्रवर्द्धन, खेतयोग्य बाँझो जमिन सदुपयोग लगायतका विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका, सिँचित क्षेत्रफल विस्तार, उन्नत जातका बीउहरुको प्रयोगमा वृद्धि, सन्तुलित मलखादको प्रयोग, आधुनिक कृषि प्रविधिहरुको बढ्दो प्रयोग, ऋणमा कृषकहरुको पहुँच, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको तरकारी र फलफूल खेतीमा संलग्नता आदि कारणले समग्रमा कृषि उत्पादन अनुमानित २ देखि ४ प्रतिशतले वृद्धि हुने देखिन्छ । त्यस्तै, प्रदेशमा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र स्थानीय पालिकाहरुबाट उन्नत जातका भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन, मोडेल फर्महरुको स्थापना, कृषि ऋणको उपलब्धता, पशुपालन क्षेत्रमा बीमा योजना, व्यावसायिक पशुपंक्षी तथा मत्स्य पालनमा आकर्षणले दुध, मासु, अण्डा र माछाको उत्पादन समग्रमा ३ देखि ५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.२ औद्योगिक क्षेत्र

समीक्षा अवधिमा बैंक ब्याजदर न्यून रहेको तथा सहजरुपमा ऋणको उपलब्धता भएतापनि समग्र मागमा आएको कमी, बढदो प्रतिस्पर्धा, आर्थिक गतिविधिमा आएको सुस्तता, ईन्धन तथा तेलको मूल्यमा भएको वृद्धिले कच्चापदार्थ तथा आपूर्ति श्रृंखलामा हुनसक्ने अवरोध आदि कारणले औद्योगिक क्षेत्रको समग्र लागत बढ्नुका साथै, उद्योगहरुको क्षमता उपयोगमा कमी आई औद्योगिक उत्पादनमा करिब ५ देखि ७ प्रतिशतले ह्रास हुने अनुमान गरिएको छ ।

## ८.३ सेवा क्षेत्र

अर्थतन्त्रको समष्टिगत मागमा सुधार भईरहेको अवस्थामा यस प्रदेशमा रहेका होटलहरुको औसत अकुपेन्सी दर र पर्यटक आगमन संख्यामा पछिल्ला महिनाहरुमा केही सुधार आएको देखिन्छ । विप्रेषण आप्रवाहमा आएको वृद्धिले स्वास्थ्य तथा शिक्षा क्षेत्रमा लगानी वृद्धि हुने, बैंक तथा वित्तीय संस्थाहरुसँग उच्च तरलता रहनु तथा कर्जाको ब्याज दर न्यून रहेको, वित्तीय क्षेत्रमा डिजिटल प्रविधिको बढ्दो प्रयोग तथा सबै स्थानीय तहहरुमा बैंक शाखा विस्तार लगायतका कारणले सेवा क्षेत्रमा सुधार हुने अनुमान गरिएको छ । यद्यपी, पछिल्लो समयमा मध्यपूर्वी देशहरुमा चलिरहेको युद्धका कारण वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्यामा कमी आई आगामी दिनमा विप्रेषण आप्रवाह प्रभावित हुने देखिन्छ । अन्तर्राष्ट्रिय बजारमा ईन्धन लगायतका वस्तुहरुको लगातारको मूल्य वृद्धिले वैदेशिक व्यापारमा थप भार पर्ने तथा नागरीकहरुको जनजीवन प्रभावित हुने देखिन्छ । साथै, स्वदेशी तथा विदेशी पर्यटक आगमनमा कमी आई समग्र होटल तथा रेष्टुरेन्ट क्षेत्रमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

स्थानीय, प्रदेश तथा संघीय सरकारबाट यस प्रदेशका विभिन्न जिल्लाहरुमा सडक विस्तार तथा स्तरोन्नतिका कार्य भईरहेको, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनाहरु निर्माण भईरहेको, प्रदेश सरकारका भौतिक पूर्वाधार विकास अन्तर्गतका बजेट र योजनाहरु कार्यान्वयनका क्रममा रहेको, साना तथा ठूला जलविद्युत आयोजना निर्माणको क्रममा रहेकोले स्थानीय स्तरमा रोजगारी सिर्जना भई समग्र आर्थिक क्रियाकलापहरुमा वृद्धि हुने अनुमान गरिएको छ । तथापी, अन्तर्राष्ट्रिय बजारमा ईन्धनको मूल्य वृद्धिले गर्दा भौतिक पूर्वाधार विकास तथा निर्माण कार्यहरुको लागत तथा समयावधि बढ्न सक्ने देखिन्छ ।